वर्ष १७ | अंक २७६ | नेपाल संवत् ११३९ | २०७६ असार ७ गते शनिबार | Jun 22, 2019 | पृष्ठ ८ | मूल्य रु. १०

सशक्त महिला सुदृढ
घरपरिवार, सहकार्य र आत्मसम्मान
महिला अधिकार ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक






**अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा शुक्रबार पोखरा कोमागाने पार्कमा सामूहिक योगमा सहभागी। गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले गरेको कार्यक्रममा डा. योगी विकासानन्दले विभिन्न योग अभ्यास गराएका थिए।**
*तस्बिर : समाधान*

# 'रेडबुक' सच्याउन कांग्रेसको माग



**समाधान संवाददाता**
पोखरा, ६ असार

गण्डकी प्रदेश सरकारको प्रमुख प्रतिपक्षी दलले संसद बैठक अवरुद्ध गर्ने भएपछि शुक्रबार बस्ने भनिएको बैठक सूचना टाँसेर स्थगित भएको छ । प्रदेश सभाका निमित्त सचिव हरिप्रसाद बास्तोलाले आइतबारसम्मका लागि बैठक स्थगित गरिएको सूचना दिएका हुन् ।

शुक्रबारको बैठकमा विनियोजन विधेयकमाथि छलफलमा भाग लिने कार्यक्रम थियो । विनियोजन विधेयक अर्थमन्त्री किरण गुरुङले बिहीबार प्रदेश सभामा प्रस्तुत गरेका थिए । बजेट विनियोजन रेडबुक त्रुटिपूर्ण रहेको र सच्याउनुपर्ने माग राख्दै कांग्रेस बैठक अवरुद्ध गर्ने तयारीमा थियो । तर, बैठक सुरु नहुँदै बास्तोलाले सूचना टाँसेर स्थगित गरिएको जानकारी दिएका हुन् ।

**गण्डकी प्रदेश सभा बैठक सूचना टाँसेर स्थगित**

गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको 'रेडबुक' त्रुटिपूर्ण रहेको र कार्य व्यवस्था समितिमा सच्याउन माग राख्दा बैठक नै स्थगित गरिएको प्रमुख प्रतिपक्षी दलका नेता कृष्णचन्द्र नेपालीले बताए । 'रेडबुक संवैधानिक, कानुनी र व्यावहारिक रुपले त्रुटिपूर्ण छ । यसले सांसदका भावना पनि समेटेको छैन,' नेता नेपालीले भने, 'करेक्सन नगरे संसद अवरुद्ध गर्छौं भनेका थियौं । तर सभामुखले हाउसमा कुरा राख्ने मौका दिनु भएन ।'

कुनै पनि देश वा प्रदेशको बजेट विनियोजन हुँदा सबैलाई समानता हुनुपर्ने नेपालीको भनाइ थियो । कुनै ठाउँमा आवश्यक योजना पनि बजेट नै परेको र कुनै ठाउँमा विभिन्न शीर्षकमा 'डुब्लिकेसन' भएको उनले आरोप लगाए । 'सरकारको प्रतिवद्धताभन्दा बाहिर पर्ने सभा, समारोह, गोष्ठीमा पनि थुप्रै बजेट विनियोजन भएको छ,' उनले भने, 'यो त उहाँहरुको पनि प्रतिवद्धताविपरीत भयो र राज्यलाई पनि त राम्रो कुरा होइन ।'

सरकारले बजेट विनियोजन गर्दा गल्ती गरेको तर स्वीकार्न नचाहेको नेपालीले आरोप लगाए । उनले भने, 'लोकतन्त्रमा गल्ती भए त्यसलाई स्वीकारेर सच्याएर अघि जाने हो । गल्ती भएर पनि पेलेर अघि बढ्ने होइन ।' उनले विनियोजन त्रुटिपूर्ण भए पनि आफूहरु वार्तामा बसेर सहमति गर्न तयार रहेको सुनाए ।

'बजेट विनियोजनका त्रुटिबारे मुख्यमन्त्रीसँग कुरा राख्दा उहाँले वार्ता गरौं भन्नुभा'छ । सल्लाह गरौं भन्नु भा'छ,' नेपालीले भने, 'तर, यता सदनको कुरा यस्तो छ ।' उनले आफूहरुको माग सम्बोधन नभएसम्म संसद अवरुद्ध जारी राख्ने जानकारी दिए ।

# स्वीकृति नलिई वित्तीय कारोबार नगर्न आग्रह

**समाधान संवाददाता**
काठमाडौं, ६ असार

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम स्वीकृति नलिई कुनै पनि बैंकिङ तथा वित्तीय कारोबार नगर्न/नगराउन सरोकार भएका सबैलाई आग्रह गरेको छ ।

केन्द्रीय बैंकले शुक्रबार विज्ञप्ति जारी गर्दै केही सञ्चार माध्यममा क्यासिनो, होटल, रिसोर्ट, अस्पताल, विद्यालय र कलेज आदिको नाममा न्यूनतम दरमा ऋण उपलब्ध गराउने भन्दै प्रकाशित विज्ञापनप्रति गम्भीर ध्यानाकर्षण भएको सन्दर्भमा उक्त आग्रह गरेको हो ।



नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम निक्षेप लिन वा कर्जा दिन बैंकको स्वीकृति लिनुपर्नेछ । बैंक वा वित्तीय संस्थाले बाहेक अन्य कसैले पनि बैंकिङ तथा वित्तीय कारोबार गर्न नपाउने कानुनी व्यवस्था छ । उक्त व्यवस्था विपरीत कसैले त्यस्तो कार्य गरे/गराए प्रचलित कानुन बमोजिम कारवाही हुने बैंकले जनाएको छ ।

बैंकले स्पष्ट शब्दमा भनेको छ, 'बैंक तथा वित्तीय संस्थाबाहेक कोही कसैले निक्षेप संकलन र कर्जा प्रवाह गरेको पाइए कानुनबमोजिम कारवाही हुने भएकाले त्यस्तो कार्य नगर्न/नगराउन आग्रह गरिन्छ ।' यही असार ४ गते मार्केट पर्स ग्लोबल कम्पनीले ६ प्रतिशत ब्याजदरमा ५ अर्बसम्म ऋण दिने भन्दै विज्ञापन प्रकाशित गरेको थियो ।

यसैबीच, धितोपत्र बजारमा अवैध लगानी हुन नदिने लक्ष्यका साथ नेपाल धितोपत्र बोर्डले शुक्रबार निर्देशन जारी गरेको छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी निर्देशन २०७६ जारी गर्दै उक्त निर्देशन अटेर गर्नेलाई अधिकतम ५ करोडसम्मको जरिवाना गर्ने व्यवस्था गरेको छ । अवैधरुपमा धितोपत्र बजारमा लगानी गर्नेलाई पहिलो पटक लिखित रुपमा सचेत गराउने, दोस्रो पटक व्यवसाय गर्न रोक लगाउने, तेस्रो पटक १० लाखदेखि ५ करोडसम्म जरिवाना गर्ने र त्यसपछि सूचक संस्थाका दर्ता खारेज गर्ने व्यवस्था गरिएको बोर्डका प्रवक्ता नीरज गिरीले जानकारी दिए ।

उक्त निर्देशन लागु भएपछि १ दिनमा पटक पटक वा एकैपल्ट १० लाखभन्दा बढीको कारोवारको जानकारी वित्तीय जानकारी एकाइमा दिनुपर्नेछ । ग्राहकको पहिचान तथा जाँच गर्दा जोखिममा आधारित भएर गर्नुपर्ने, सूचक संस्थाले जोखिमलाई उच्च, मध्यम र न्यून वर्गमा वर्गीकरण गर्नुपर्ने, जोखिम देखिएका ग्राहकको हकमा वृहत ग्राहक पहिचानको उपाय अवलम्बन गर्नुपर्नेछ । सूचक संस्थाले व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्दा वास्तविक धनीको पहिचान गर्नका लागि आवश्यक मनासिव उपाय अवलम्बन गर्नुपर्नेछ ।

**बाँकी पृष्ठ ६**

# पत्रकारले बुझाए हस्ताक्षर



**समाधान संवाददाता**
पोखरा, ६ असार

प्रस्तावित मिडिया काउन्सिल विधेयकमा उल्लेख प्रेस स्वतन्त्रता विरोधी प्रावधान अविलम्ब फिर्ता लिन माग राख्दै संकलित हस्ताक्षर कास्कीका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढा मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई पठाइएको छ ।

नेपाल पत्रकार महासंघ कास्कीले तेस्रो चरणको आन्दोलन अन्तर्गत चिप्लेढुंगाको मानवअधिकारचोक, सिर्जनाचोक र लेकसाइडमा ३ दिनसम्म हस्ताक्षर संकलन गरेको पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठले जानकारी दिए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवालीले मिडिया काउन्सिल विधेयक जस्ताको तस्तै पारित भएमा पत्रकार पेसा व्यवसाय छोडेर पलायन हुनुपर्ने बताए । मिडिया काउन्सिल विधेयक नेपालको संविधानले ग्यारेन्टी गरेको प्रेस स्वतन्त्रता र यसको विश्वव्यापी मान्यताविपरीत हुनेगरी ल्याइएकाले फिर्ता गर्नुपर्ने दाबी गर्दै ज्ञवालीले प्रेस स्वतन्त्रता विरोधी मिडिया काउन्सिल विधेयक फिर्ता नभएसम्म थप सशक्त आन्दोलन जारी राख्ने जानकारी दिए । उनले पत्रकार महासंघको चौथो चरणमा गर या मरको आन्दोलन गर्ने बताए ।

महासंघले तेस्रो चरणको आन्दोलन अन्तर्गत असार १० गते मिडिया काउन्सिल विधेयकविरुद्ध कार्टुन प्रदर्शनी, असार १५ गते सबै जिल्ला शाखाले आफ्नो क्षेत्रबाट निर्वाचित संघीय र प्रदेश सांसदलाई एसएमएसमार्फत सन्देश पठाएर ध्यानाकर्षण गर्ने कार्यक्रम छ ।

आन्दोलनका कार्यक्रम अन्तर्गत असार २० गते वृहत 'प्रेस स्वतन्त्रतासभा' र असार २५ गते १२ बजे काठमाडौंमा लालटिन जुलुस निकाल्ने तयारी पत्रकार महासंघले गरेको छ । पत्रकार महासंघले असार ३० गते देशव्यापी सिटी जुलुस र सभा गर्ने तयारी गरेको छ । मिडिया काउन्सिलको प्रेस स्वतन्त्रता विरोधी प्रावधानको विरुद्धमा पत्रकार महासंघले वैशाख २९ देखि जेठ २५ गतेसम्म २ चरणको आन्दोलन गरेको छ ।




# आकाशियो सुनको भाउ



**समाधान संवाददाता**
पोखरा, ६ असार

सुनको मूल्यले शुक्रबार फेरि नयाँ रेकर्ड कायम गरेको छ । शसक्रबार एकै दिन सुनको मूल्य १ हजार रुपैयाँ प्रतितोलाले बढेर ६५ हजार रुपैयाँ प्रतितोला कायम भएको हो । पोखराको बजारमा सुन किन्न प्रतितोला काठमाडौंभन्दा ५ सय रुपैयाँ बढी खर्चिनुपर्छ ।

सुनचाँदी व्यवसायीका अनुसार यसअघि बिहीबार १ हजार रुपैयाँ प्रतितोला बढ्दै सुनको नयाँ रेकर्ड कायम भएको थियो । सुनको मूल्य शुक्रबार पनि बढेको हो । छापावाल सुन प्रतितोला ६४ हजार ७ सय रुपैयाँमा किनबेच भइरहेको छ । यस्तै चाँदीको मूल्य प्रतितोला ७ सय ४० रुपैयाँ कायम भएको छ । व्यवसायीले अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नु तथा सरकारले सुनको आयातमा भन्सार दर बढाएका कारण सुनको मूल्य बढेको बताएका छन् ।

नेपाल सरकारबाट स्वीकृत प्राप्त
के +2 मा कानुन पढ्न चाहनुहुन्छ ?
गण्डकी प्रदेशमै पहिलो पटक निजी क्षेत्रबाट +२ तहमा कानुन अध्यापन गराउन लागेको यस भानुभक्त आवासीय माध्यामिक विद्यालयले विद्यार्थीको मागलाई ध्यानमा राख्दैं +२ कानुन संकायको Entrance Preparation Class सञ्चालन गर्ने कुरा सहर्ष जानकारी गराउँछौं।
मिति : २०७६ असार ८ गतेदेखि
समय : बिहान ७ बजेदेखि ९ बजेसम्म
स्थान : भानुभक्त आवासीय मा.वि पोखरा १ सिम्पानी
सम्पर्क : ०६१-५३३२५७, ९८५६०२७३६०, ९८४६५१५७४९
पोखरामा एक मात्र कानुन विषयमा पढाइ हुने
भानुभक्त आवासीय माध्यमिक विद्यालय
(+२ स्कुल अफ ल)
पोखरा-१, सिम्पानी, फोन नं.०६१-५३३२५७, ९८५६०२७३६०

## डिआइजी घिमिरेद्वारा पदभार ग्रहण

पोखरा, ६ असार (समाधान)- गण्डकी प्रदेश प्रहरी कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआइजी) विनोद शर्मा घिमिरेले शुक्रबार पदभार ग्रहण गरेका छन् । प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयबाट सरुवा भई आएका घिमिरेलाई प्रहरी अधिकृतहरुले स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरे ।

कार्यक्रममा गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखराका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक प्रकाशजंग कार्की, गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नवराज भट्ट, गण्डकी प्रदेश ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक वीरेन्द्रकुमार बस्याल, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर कार्की लगायत प्रहरी अधिकृतको उपस्थिति थियो ।

## दुर्घटनामा मृत्यु

पोखरा, ६ असार (समाधान) - तनहुँको म्याग्दे गाँउपालिका- ५ मा शुक्रबार टि्परको ठक्करबाट स्थानीय ५९ वर्षे बलबहादुर विकको मृत्यु भएको छ ।

खैरेनीटारबाट भीमाद जाँदै गरेको ग१क ४३२३ नम्बरको टिप्परको ठक्करबाट घाइते भएका विकको जिपी कोइराला श्वास प्रश्वास केन्द्र बेलचौतारामा उपचारका क्रममा मृत्यु भएको हो ।

टि्पर र चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# श्यामलाई पोखरा पत्रकारिता सम्मान

### त्रिभुवन र गीता पनि पुरस्कृत हुने





**समाधान संवाददाता**
पोखरा, ६ असार

पत्रकार महासंघ कास्कीद्वारा स्थापित पोखरा पत्रकारिता सम्मान पत्रकार श्यामनाथ कुँवरलाई अर्पण गरिने भएको छ । पत्रकार कुँवर समाधान दैनिकमा आवद्ध छन् । साढे २ दशक पोखरामा रहेर पत्रकारिता गरेका कुँवरले महासंघ कास्की शाखामा विभिन्न जिम्वेवारी सम्हालेका थिए ।

पत्रकार कुसुमकेशव पराजुली संयोजक तथा कृष्णप्रसाद बास्तोला, दुर्गा बराल 'वात्स्यायन', महासंघ अध्यक्ष दीपेन्द्र श्रेष्ठ र सचिव रामप्रसाद तिमिल्सेना सदस्य रहेको प्रतिभा छनोट समितिले उनको नाम सिफारिस गरेको थियो । प्रत्येक वर्ष प्रदान गरिने पोखरा पत्रकारिता सम्मानको राशि ३५ हजार रुपैयाँ छ ।

यस्तै गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार त्रिभुवन पौडेल र जगन्नाथ सिग्देल युवा प्रोत्साहन पत्रकारिता पुरस्कार गीता रानामगरलाई प्रदान गरिने भएको छ । महासंघ कास्कीको शुक्रबार बसेको बैठकले प्रतिभा छनोट समितिको सिफारिसलाई अनुमोदन गरेको हो ।

गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कारको राशि २५ हजार रुपैयाँ छ । पुरस्कृत हुने पत्रकार महासंघ गण्डकी अध्यक्ष त्रिभुवन पौडेल पोखरा हटलाइन दैनिकका सम्पादक हुन् । पत्रकार बद्रीविनोद प्रतीक संयोजक तथा सदस्य रवीन्द्र बास्तोला, रुपनारायण ढकाल, दीपेन्द्र श्रेष्ठ र रामप्रसाद तिमिल्सेना सदस्य रहेको प्रतिभा छनोट समितिले उनको नाम सिफारिस गरेको हो ।

जगन्नाथ सिग्देल युवा प्रोत्साहन पत्रकारिता पुरस्कारको राशि ११ हजार १ सय ११ रुपैयाँ छ । पत्रकार गीता रानामगर एबीसी टेलिभिजनमा कार्यरत छन् । उनी महासंघ कास्कीका कार्यसमिति सदस्य हुन् । महासंघ केन्द्रीय सदस्य रामकृष्ण ज्ञवालीको संयोजक तथा सरीता तिमिल्सिना, रुद्र श्रीसमगर, दीपेन्द्र श्रेष्ठ र रामप्रसाद तिमिल्सिना सदस्य रहेको प्रतिभा छनोट समितिले गीताको नाम सिफारिस गरेको हो ।

पत्रकार महासंघ कास्कीको स्थापना दिवस असार १२ गते सम्मान तथा पुरस्कार प्रदान गरिने अध्यक्ष दीपेन्द्र श्रेष्ठले बताए ।

# कोरलामा अन्तरदेशीय व्यापार मेला



अन्तरदेशीय व्यापार मेला स्थल कोरला नाकाको चिनियाभूमिमा उपल्लो मुस्ताङका युवा ।
*तस्बिरः मुस्ताङ लोहा*

**समाधान संवाददाता**
जोमसोम, ६ असार

उत्तरी कोरला नाकाको चिनिया भूमिमा २ साताका लागि अन्तरदेशीय व्यापार मेला सुरु हुँदै छ । बर्सेनि २ पटक लाग्ने व्यापार मेलाको अवसरमा सीमावर्ती बासिन्दाले एकअर्काको आवश्यकता पूरा गर्छन् । शनिबारदेखि सुरु हुने व्यापार मेलाका लागि यसपटक चिनिया पक्षले प्रवेश कार्ड अनिवार्य गराएको छ । यसअघि सामान्य नागरिकता प्रमाणपत्र भए पुग्नेमा यसपटक बोर्डर परिचय पत्र अनिवार्य गराएको प्रशासकीय अधिकृत सुशील अर्याललले बताए ।

सीमावर्ती क्षेत्रका बासिन्दाबीच एकअर्काका आवश्यकीय सामग्री किनमेलका लागि बर्सेनि व्यापार मेला आयोजना हुँदै आएको इलाका प्रशासन कार्यालय लोमन्थाङका प्रमुख मुरारी निरौलाले जानकारी दिए । व्यापार मेलामा लोमन्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका स्थानीय किनमेल तथा व्यापार गर्न कोरला जाने गरेको निरौलाको भनाइ छ ।

कोरला नाकामा हुने व्यापार मेलामा जान सरोकारवालालाई इलाका प्रशासन कार्यालय लोमन्थाङले बोर्डर प्रवेश कार्ड वितरण गरेको कार्यालय प्रमुख निरौलाले बताए । कोरला नाकामा चिनिया पक्षले हरेक वर्ष असार र भदौमा व्यापार मेला सञ्चालन गर्ने त्यसको जानकारी जिल्ला र इलाका प्रशासन कार्यालयलाई गराउने गरेको कार्यालय प्रमुख निरौलाले बताए । मेलाका लागि इलाका प्रशासन कार्यालयले यसपटक ८ सय जनालाई बोर्डर पास उपलब्ध गराइसकेको र यो संख्या बढ्ने निरौलाले बताए । उनका अनुसार यसअघि व्यापार मेलाका लागि जम्मा २ सय ७४ जनाले मात्र बोर्डर प्रवेश कार्ड नवीकरण गरेका थिए ।

सीमाका बासिन्दालाई सहज हुने गरी नेपाल र चीनको तिब्बती भूमिमा आलोपालो व्यापार मेला लाग्ने गरेको मुस्ताङका नागरिक समाजका अगुवा चन्द्रबहादुर थकालीले बताए । पछिल्लो समय सुरक्षाको कारण देखाई चिनिया पक्षले मात्र मेला सञ्चालन गर्दै आएको थकाली बताउँछन् । मेलामा नेपाली पक्षले पस्मिना र नेपाली ब्रान्डका खाद्यान्न बिक्री गर्ने गरेको लोमन्थाङ गाउँपालिकाका अध्यक्ष सुवर्णकुमार विष्टले बताए । नेपालीले लत्ता कपडा, इलेक्ट्रोनिक सामग्री, खाद्यान्न र निर्माण सामग्री खरिद गर्छन् । भदौमा हुने व्यापार मेलामा नेपालीले भेडा, च्याङग्रा खरिद गर्छन् ।

कोरला नाकाबाट ५ किलोमिटर उत्तरतर्फ पठार भूगोलमा मेला सञ्चालन हुने लोमन्थाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्याललले जानकारी दिए । मेलामा नेपाली मुद्रामा पनि कारोबार हुने गरेको छ ।

लोमन्थाङ गाउँपालिकाले चिनिया मोटरसाइकल खरिद र बियरका बोतल भित्र्याउन रोक लगाएको छ । मेलालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालयले उत्तरी नेचुङ भन्सार कार्यालयमा कर्मचारीसमेत खटाइसकेको छ । चिनिया पक्षले मेलामा दलाई लामाको लकेट भिरेर बोर्डर प्रवेशमा समेत रोक लगाउने भएको छ ।

व्यापार मेला १० दिनसम्म हुने र मेलामा किनमेल गर्नेको चाप रहिरहेमा ५ दिन थप्प सकिने चिनिया पक्षले जानकारी दिएको प्रशासकीय अधिकृत अर्याललले जानकारी दिए ।




## रुखबाट लडेर मृत्यु

पोखरा, ६ असार (समाधान)-पोखरा महानगरपालिका वडा नं. २१ कृष्तिमा रुखबाट लडेर १ जनाको ज्यान गएको छ ।

वर्ष ५२ का शिवप्रसाद सुवेदी शुक्रबार घर नजिकैको रुखमा घाँस काट्ने क्रममा खसेर गम्भीर घाइते भएका थिए ।

उनको सिर्जनाचोकमा रहेको मेट्रोसिटी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरी उपरीक्षक नवराज भट्टले बताए ।



# VACANCY ANNOUNCEMENT

**Chilly Bar & Restaurant & Its sister concerns jointly invites application for the following position:-**

1) **Restaurant Manager:** The candidate should have minimum 5 years work experience in the field. Should be able to assist employee teams, follow company procedures to increase productivity & ensure customer satisfaction with excellent customer service.
2) **Supervisor:** The candidate must be able to ensure customer satisfaction through promoting excellent service, respond to customer complaints tactfully and professionally.
3) **Cashier:** The candidate should be able to mange cash and sales transactions in restaurant accurately.
4) **Waiter/Waitress:** The candidates should have excellent interpersonal and customer service skills to ensure guest satisfaction by delivering food & beverage service.

- Interested candidates are requested to send their CV and copy of citizenship along with contact telephone number to the following address not later than **30th June 2019.**
- Only shortlisted candidates will be called for an interview.
- Salary no bar for dynamic & suitably qualified candidate.

**Phone No:- 061-463614,9856044958, 9856036361**
Email:- sales.chillybar@gmail.com

# आवश्यकता

पोखरा-४, चिप्लेढुंगामा अवस्थित **मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि.** को लागि कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**
**१. कर्जा सहायक- १ जना**
**२. बजार सहायक- १ जना**
**योग्यता :** +२ वा सो सरह
**दरखास्त दिने अन्तिम मिति :** २०७६ असार १२ गतेसम्म
**अनुभव :** अनुभवीलाई विशेष ग्राहयता ।
**वान्छनीय योग्यता :** कम्प्युटर ज्ञान भएको र मोटरसाइकल चालक अनुमति पत्र प्राप्त भएकोलाई प्राथमिकता ।
**पारिश्रमिक :** आपसी समझदारीमा
**परीक्षा किसिम :** अन्तर्वार्ता
**आवश्यक कागजात :** हस्तलिखित निवेदन, व्यक्तिगत विवरण, २ प्रति फोटो चारित्रिक प्रमाण पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
**नोट :** छनोटमा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा बोलाइनेछ ।

**मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-४, चिप्लेढुंगा**
**फोन नं. ०६१-५२४८६७, ५५१३६६**




### नयाँ आधुनिक घर बिक्रीमा

पोखरा २ भैरवटोल अवस्थित ३½ तले घर बिक्रीमा छ । नयाँ मापदण्ड अनुसार बनेको । मूल्य : आपसी समझदारीमा
सम्पर्क :
**9806596373**

### टाइल मार्वल मिस्त्री चाहिएमा

जुनसुकै ठाउँमा टाइल मार्वल, ग्रेनाइट लगाउँदै हुनुहुन्छ भने दक्ष एवं अनुभवी मिस्त्री चाहिएमा सम्पर्क गर्नुहोस् ।
सिधा सम्पर्कः सिधा कामः
**9825158174, 9869147652**

### घरसहित जग्गा बिक्रीमा

गौंडाको मुखमा रहेको मेनरोडमा १२५ वर्गमिटरमा रहेको पुरानो घरसहितको जग्गा विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्कः
**९८२६१७७८३७**

### तु-चाहियो

**हेल्पर- २ जना**
**डिस वासर- १ जना**
तलबः १०,०००/- शुरुमा
कामको अनुभव भएकोले मात्र सम्पर्क गर्नुहोला ।
खान बस्नको सुविधा छ ।
**पोखरा फेमिली रेष्टुरेन्ट**
पृथ्वीचोक-९,
**फोन नं.:** ५३८३२३, ९८५६०७२६४२

Sewa

### वर्गीकृत विज्ञापन-अग्रीम भुक्तानी

| | |
|---|---|
| दुई दिनको लागि | रू. ५०० I- |
| पन्ध्र दिनको | रू. ३,००० I- |
| एक महिनाको | रू. ६,००० I- |

### सटर भाडामा

अन्नपूर्ण सुपर मार्केटको पहिलो तलामा केही सटरहरू खाली भएकाले इच्छुक व्यक्तिले तुरून्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
**061-533265**
**9846035599**
नोटः पसल, सहकारी, अफिस, कन्सल्टेन्सी आदि ।

### पसल बिक्रीमा

महेन्द्रपुल स्थित अन्नपूर्ण सुपर मार्केटको (Ground Floor) मा एकदमै चालु अवस्थाको **Readymade Department Stores** (Ladies, Gents, Kids) सामान सहित तु बिक्रीमा । (घरजग्गासँग पनि साटफेर गर्न सकिनेछ)
*नोटः काठमाडौं, सितापाइला हाइटमा आकर्षक* 3 Bed Room (Appartment तु बिक्रीमा (क्षेत्रफल १३४१ स्क्वायर फिट)
(मूल्य : १ करोड ५० लाख मात्र)
**९८४६०४५१६८, ९८०५८६२३२५**

### PRIME LOCATION OFFICE FOR SALE

Co-operative Office Running in Srijana Chowk,Pokhara-8 is For Sale @ Suitable For Co-operative & Other Office Too
Contact No:
**9856021963**
**9824110200**

### मार्केटिक आवश्यकता

मोटरसाइकलको लाइसेन्स अनिवार्य
**काम गर्ने समय :**
बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म
तलब : आकर्षक कमिसन वेशमा
**संख्या : २ जना (पुरुष)**
सम्पर्क :
**९८५६०२२९३९**
**वि.डी. कलर हाउस**
कुँडहरचोक, अमरसिंह

### Job Vacancy in Bakery

**Urgently Needed**
**Bakery Chef -1**
*Full time/ Part time*
*Salary: Negoitable*
**Contact:**
**9846983246, 9841033490**

### स्टाफहरूको आवश्यकता

चिप्लेढुंगास्थित एक प्रतिष्ठित कपडा (साडी, कुर्था तथा सटिङ, सुटिङ) पसलका लागि स्टाफहरूको आवश्यकता ।
**संख्या** **पुरुष** : **२ जना**
,, **महिला** : **२ जना**
सम्पर्कः
**9817170691, 9846031414, 061-521314**

### रेष्टुरेण्ट बिक्रीमा

पोखरा ९ पृथ्वीचोकमा रहेको अत्यन्त चालु अवस्थाको रेष्टुरेण्ट विशेष कारणवश तु बिक्रीमा छ ।
सम्पर्क :
**9804151008**
**9849574241**

### तु आवश्यकता

ग्लोबल सेन्टर फर पोजिटिभ हेल्थ-'अर्थो एण्ड न्युरो सेन्टर' (नन-सर्जिकल इन्टरभेन्सन) मा निम्न लिखित पदपूर्तिका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्तिहरुले तुरुन्तै सम्पर्क राख्नुहोला ।
**१) फिजियो थेरापिष्ट - १ जना**
**२) एकुपञ्चरिष्ट - १ जना**
**३) सि.एम.ए.- १ जना**
बुद्धचोक, पोखरा
**फोन नं ९८४६०४२८७६**
Email: centre4positivehealth@gmail.com

### घडेरी बिक्रीमा

फूलबारी ११ शिवशक्ति स्कुल पछाडि महाकालेश्वर मार्गमा १६ ४० को घडेरी तु बिक्रीमा ।
सम्पर्क :
**९८०६६९६२८१**
नोटः कृपया दलालले कष्ट नगर्नुहोला

### कामदार चाहिएमा

सेवाहरु- सेक्युरिटी गार्ड, हाउस किपिङ, क्लिनिङ पर्सन, इलेक्ट्रिसियन तथा सबै प्रकारका जनशक्ति आपूर्ति गरिन्छ।
सम्पर्क :
**अन्नपूर्ण सहारा मल्टिसर्भिस प्रा.लि.**
**061-533408, 9810254281 9816157614**

### FLAT ON RENT

**Suitable For Office & Living Too With BIG HALL**
**Near Aalumaila Chowk @ Behind Metropolitan Office.**
**Contact No:**
**9819137965**

### अफिसको लागि

साधारण लेखपढ-४ जना
**SEE-** ७ जना
**+2 above :** ३ जना
तलब : १२५००-१८५०० सम्म
समयः ११ बजेदेखि ५ बजेसम्म
सम्पर्क :
**9806544029**
**9846757082**
नोट : डकुमेन्ट अनिवार्य छ ।

### फेन्सी पसल बिक्रीमा

अत्यन्तै चालु अवस्थामा रहेको योबित एण्ड युनिक फेन्सी पसल बिक्रीमा छ ।
सम्पर्क :
**9816619232**
स्थानः ट्याक्सी चोक
(माच्छापुच्छे बैक नजिक)

### तु-आवश्यकता

**कुक- १ जना**
(म:म, चाउमिन बनाउन जान्ने)
सुविधाः खान र बस्न
तलबः आपसी समझदारीमा
सम्पर्कः **9814158176**

### मार्केटिङको आवश्यकता

मोटरसाइकलको लाइसेन्स भएको
मार्केटिङ सम्बन्धी अनुभव भएको
**१ जना पुरुष**
तलबः आपसी समझदारीमा
**रनर बाइक सोरुम**
पोखरा-२६, डाँडाको नाक
सम्पर्क :
**9856029492**

### होटल तालिममा नयाँ भर्ना



# कर्मचारी आन्दोलन स्थगित

**राष्ट्रिय समाचार समिति**
स्याङ्जा, ६ असार

कालीगण्डकी 'ए' जलविद्युत् केन्द्रका कर्मचारीले असार १ गतेदेखि गर्दै आएको आन्दोलन केही समयका लागि स्थगित गरेको जनाएका छन् । नेपाल विद्युत् प्राधिकरण कर्मचारी प्रशासनले जेठ ३० गते कालीगण्डकी 'ए' जलविद्युत् केन्द्रका ६० कर्मचारीको एकैसाथ सरुवा गरेपछि आन्दोलनमा उत्रिएका कर्मचारीले बिहीबारबाट आन्दोलन स्थगित गरेको जनाएका छन् ।

कर्मचारीले बेमौसममा आफूहरूलाई सरुवा गरेर दुःख दिन खोजेको भन्दै आन्दोलन गरेका थिए । कार्यरत कर्मचारीले आफ्ना बालबच्चा विद्यालयमा भर्ना गरिसकेपछि भएको सरुवाले पढाइमा समेत बाधा पुर्‍याएको बताउँदै कर्मचारीको मनोबल गिर्ने गरी सरुवा नगर्न आग्रहसमेत गरेका छन् । कालीगण्डकी 'ए' जलविद्युत् केन्द्रमा कार्यरत कर्मचारीको संगठन कालीगण्डकी राष्ट्रिय कर्मचारी युनियन कालीगण्डकी 'ए' जलविद्युत् केन्द्र र कर्मचारी संघ कालीगण्डकी 'ए' जलविद्युत् केन्द्रका पदाधिकारीले केन्द्र प्रमुखलाई ध्यानाकर्षणपत्रसमेत बुझाएको जनाएका छन् ।

केन्द्रमा कार्यरत ५९ कर्मचारीको सरुवा भएको प्रमुख राजेशकुमार पाण्डेले जानकारी दिए ।

कर्मचारी सरुवाले भएको समस्या समाधानका लागि आफूले पहल गरिरहेको उनले बताए । तर जलविद्युत् केन्द्रमा कार्यरत १ कर्मचारीले कार्यालय प्रमुखले आफूलाई मन पर्ने केही कर्मचारीबाहेक अरुलाई अपायक पर्ने स्थानमा सरुवा गरेको आरोप लगाएका छन् । कार्यालय प्रमुख पाण्डेले विद्यालयमा बच्चाबच्ची भर्ना गरेर पढाइरहेका कर्मचारीलाई सरुवा नगर्ने निर्णय व्यवस्थापकले गरिसकेको जनाए । कर्मचारीले आफूहरूलाई अपायक पर्ने स्थानमा दुःख दिने नियतले सरुवा गरिएको भन्दै असार १ गतेदेखि चरणबद्ध आन्दोलन गर्दै आएका थिए ।

# मानव सेवा आश्रमलाई सहयोग

**राष्ट्रिय समाचार समिति**
पोखरा, ६ असार



समाजका असहाय, अपांग एवं मनोरोगीको उद्धारका साथै पालन पोषण गर्दै आएको मानव सेवा आश्रमलाई एसओएस आमा समूह रामबजारले आर्थिक सहयोग गरेको छ । एसओएस बालग्रामका संस्थापक डा. हर्मन माइनको सयौं जन्म दिवस एवं बालग्रामको ७० औं स्थापना दिवसको अवसरमा आश्रमका बुबाआमालाई समूहले १ छाक खाना बराबरको १७ हजार ५ रुपैयाँ सहयोग गरेको हो ।

पोखरा १५ रामबजारस्थित एओएस बालग्राम गण्डकीमा कार्यरत २५ जनाले व्यक्तिगत रुपमा संकलन गरेको सो रकम आमा समूहका संयोजक लक्ष्मी बास्तोलाले आश्रमका अभियन्ता सम्झना बर्तौलालाई हस्तान्तरण गरिन् । कार्यक्रममा संयोजक बास्तोलाले असहाय बालबालिकाको सेवामा समर्पित आमाहरूले आश्रममा सहयोग गर्न पाउँदा आफूहरूलाई आत्मसन्तुष्टि भएको बताउँदै आगामी दिनमा पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

पोखरा १७ छोरेपाटनस्थित आश्रममा डेढ महिने शिशुदेखि ९० वर्ष उमेर समूहका ९० जना आश्रित व्यक्ति रहेको आश्रमका सहसंयोजक राजन सापकोटाले जानकारी दिए । आश्रममा ७ जना सेवक सेविका छन् । २०७४ साल चैत महिनामा स्थापित भई सञ्चालनमा आएको संस्थाले हालसम्म खुला आकाशमुनि सडकमा मागी खाने र मनोरोगी २ सय ५५ जनाको उद्धार गरिसकेको छ । तीमध्ये ८० जनालाई घर परिवारमा पुनर्स्थापना गरिएको छ ।

# गुठीबारे सचेत छौं : मन्त्री अर्याल

**राष्ट्रिय समाचार समिति**
पोखरा, ६ असार

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री पद्माकुमारी अर्यालले मुलुकका विभिन्न समुदायको धार्मिक र सांस्कृतिक तथा गुठीको मर्म र भावनामा कुनै असर नपरोस् भन्नेमा सरकार सचेत रहेको बताएकी छन् ।

प्रतिनिधिसभामा विनियोजन विधेयक २०७६ अन्तर्गत भूमि व्यवस्था मन्त्रालयमाथिको छलफलमा सांसदले उठाएको प्रश्नको जवाफ दिँदै उनले यस्तो जनाएकी हुन् । मन्त्री अर्यालले भनिन्, 'सरकारका तर्फबाट एउटा संकल्प व्यक्त भइसकेको छ । हाम्रो धर्म, परम्परा, मान्यता र मठ, मन्दिरसँग जोडिएको मर्म एवं भावनानुकूल काम गर्न सरकार कति पनि विचलित छैन ।' उनले देशको आफ्नै स्रोत र साधन प्रयोग गरेर सगरमाथाको उचाइ नाप्ने काम भइसकेको जानकारी दिइन् । उनले भनिन्, '३ सय ३५ वटा स्थानीय तहको नापनक्सा गर्ने काम भूउपयोगका माध्यमबाट भइसकेको छ । बाँकीको छिटोभन्दा छिटो पूरा गरिनेछ ।' सरकार भूमिहीन र सुकुम्बासीको समस्या समाधान गर्न प्रतिबद्ध छ भन्दै उनले १ लाख ५२ हजार भूमिहीन घरपरिवारलाई जग्गा वितरण गरिसकिएको तथा मुक्तहलिया र कमैयाको हकहितका पक्षमा काम गरिने बताइन् ।। सरकारी र सार्जजनिक जग्गाको संरक्षणका लागि समिति गठन गरिसकिएको र मुलुकका ६६ मालपोत कार्यालयमा कम्प्युटरका माध्यमबाट काम सुरु भइसकेको उनले जानकारी दिइन् ।

मोहियानी हकलाई स्थापित गर्ने सन्दर्भमा कानुन बनाउनेतर्फ सरकार अघि बढेको बताउँदै उनले गरीब लक्षित कार्यक्रमलाई सबैभन्दा पछि परेको समुदाय र स्थानबाट सुरु गरिने उल्लेख गरिन् । भूउपयोग ऐनमार्फत चक्लाबन्दी सुरु भएको र त्यस्तो काममा लाग्नेलाई प्रोत्साहन गर्ने काम भइरहेको बताउँदै उनको भनाइ छ । भूउपयोगलाई व्यवस्थित गरी उत्पादकत्व र आर्थिक वृद्धि हासिल गर्ने योजना उनले सुनाइन् ।

भूमिहीन, सुकुम्बासी, दलित, मुक्तकमैया, हलिया, हरवाचरवा, कम्लहरी लगायत पिछडिएका र सीमान्तकृत वर्गको भूमि र भूमि स्रोतमा पहुँच पुर्‍याउने विषयलाई विशेष प्राथमिकता दिइने बताउँदै उनले समान प्रकृतिका सहकारीलाई एकीकृत गर्ने काम सुरु भइसकेको जानकारी दिइन् । उनले भनिन्, 'आधुनिक नापनक्साका प्रविधि अवलम्बन गरी शुद्ध, विश्वसनीय नापजाँच, भूसूचना उत्पादन र वितरण, जग्गा प्रशासनलाई सरल, सहज, पारदर्शी तुल्याई कम्प्युटर अनलाइन प्रविधिबाट सेवा प्रवाह सुनिश्चित गरिनेछ ।' सरकारी, सार्वजनिक र गुठी जग्गाको उचित संरक्षण, संवर्द्धन र विकास गर्ने कार्यलाई पनि सरकारले प्राथमिकतामा राखेको बताउँदै उनले आधुनिक प्रविधियुक्त जनशक्ति विकासमा पनि जोड दिइने सुनाइन् ।

# खुल्ला त रत्नमन्दिर ?

## प्रचण्डले देखाए आश

**अमृत सुवेदी**
पोखरा, ६ असार



तत्कालीन राजा महेन्द्र शाहको मन पर्ने ठाउँ थियो, पोखरा । महेन्द्रले पोखरा आउँदा फेवा किनारमा टहलिन र तनावमुक्त भएर बास बस्ने ठाउँको परिकल्पना गरे, २०१० सालमा । महेन्द्रको परिकल्पनाले २०१५ सालमा पूर्णता पायो । महेन्द्रले फेवा किनारमा बनाएको बंगलाको नाम दिए, रत्नमन्दिर ।

महेन्द्रले कटेज शैलीमा बनाइएको बंगलालाई कान्छी रानी रत्नको नाम दिए । रत्नमन्दिरमा महेन्द्रका किस्साहरु विपीले आफ्नो आत्मवृतान्तमा पनि उल्लेख गरेका छन् । महेन्द्रपछि वीरेन्द्रको मनपर्ने र प्रिय ठाउँ थियो, त्यो ।

राजपरिवारको बास पोखरा आउँदा रत्नमन्दिरमै हुन्थ्यो । वीरेन्द्रको वंशनाश हुँदाको रात ज्ञानेन्द्र शाह पोखराको रत्नमन्दिरमै थिए । बुबा महेन्द्रले बनाएको र दाजु वीरेन्द्रको प्रिय ठाउँ रत्नमन्दिरमा ज्ञानेन्द्रले २०५८ जेठ १९ को रात बिताइरहेका थिए ।

फेवा किनारको रत्नमन्दिरमा राजाको आउ-जाउ त्यतिबेला टुट्यो, जतिबेला राजसंस्थाको सम्बन्ध जनतासँग टुट्यो । रत्नमन्दिरमा रमाउने ज्ञानेन्द्र नै अन्तिम राजा बने ।

२०६२/०६३ को जनआन्दोलनपछि वीरेन्द्रको नाममा रहेको रत्नमन्दिर पनि जनताको भयो । २०६४ साल असोज २१ गतेको मन्त्रिरिषदको निर्णयले रत्नमन्दिरलाई ट्रस्टको नाममा ल्याउने निर्णय गर्‍यो । महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्रसम्मले ऐस, आराम गर्ने र रमाउने ठाउँ रत्नमन्दिरको बारेमा पोखरेलीले अनेक किस्सा सुनेका छन् । तर, राजसंस्थालाई घुँडा टेकाएर गणतन्त्र ल्याएका जनताले रत्नमन्दिर कस्तो छ ? अझै हेर्न पाएका छैनन् ।

रत्नमन्दिर र त्यसको पूर्वमा महेन्द्रका माइला भाइ हिमालय वीरविक्रमका नाममा बनेको हिमागृह अझै पनि जनताको पहुँचभन्दा बाहिर छ । राजसंस्थापछि बनेका प्रत्येक सरकारका पालामा रत्नमन्दिर र हिमागृह जनताका लागि खोल्ने चर्चा चल्छ तर खुल्दैन । कहिले संग्रहालय बनाएर जनतालाई खुलाउने, कहिले ५ तारे होटल बनाउने त कहिले सरकारी आवास बनाउने विभिन्न समयमा बहस र चर्चा हुँदै आएको छ ।

रत्नमन्दिर र हिमागृह जनताका लागि खुला गरेर पर्यटकीय आकर्षणको केन्द्र बनाउनुपर्ने पटक पटक आवाज उठ्दै आएको छ । प्रदेश सरकार गठन भएपछि पर्यटनमन्त्री विकास लम्सालले प्रदेशले रत्नमन्दिर र हिमागृह खुलाउने बताए । जबकि त्यो प्रदेश मातहत नै छैन । विभिन्न समयमा नेतादेखि मन्त्रीसम्मले चर्चा कमाउने माध्यमसमेत बनेको रत्न मन्दिर र हिमागृह खुलाउने विषयमा अहिले नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आशा देखाएका छन् ।

**१ सय १४ रोपनी क्षेत्रफलमा फैलिएको रत्नमन्दिरमा प्रशासनिक भवन, फेवातालसँगै ताल घर, सैनिक बस्ने ३८ कोठे लामो भवन छ।**

पोखरामा बिहीबार प्रचण्डले भने, 'जोड गरेर भए पनि गर्नैपर्छ भन्ने लागेको छ अहिले । हिमागृह र रत्नमन्दिरलाई खुला गराउनैपर्‍यो । खुला गराउन केही दुखै छैन, मन्त्रिपरिषदले निर्णय गरिदिने बित्तिकै भइहाल्छ ।'

रत्नमन्दिर र हिमागृहमात्रै खुला गर्न सकियो भने पोखरामा पर्यटन आउने र कम्तीमा १/आधा दिन बसाइँ थपिन सके पनि धेरै नै राम्रो कुरा हुने प्रचण्डको भनाइ थियो । 'मेरो तर्फबाट भोलि प्रधानमन्त्रीलाई गरिहाल्नुस् भन्ने छु,' प्रचण्डले विश्वस्त पारे । यसलाई यत्तिकै राखेर कुनै फाइदा नहुने कुरामा आफ्नो जोड रहेको प्रचण्डले बताए ।

राजसंस्थाको अन्त्य र गणतन्त्रको स्थापनासँगै नारायणहिटी राजदरबार जनताका लागि खुला भयो । पोखराको रत्नमन्दिर र हिमागृह पनि अब खुला हुने पोखरेलीको आशा थियो । पोखरा पर्यटन परिषदले बिहीबार प्रचण्डलाई आग्रह गरेको छ, 'हिमागृह र रत्न मन्दिरलाई पर्यटकीय गन्तव्यमा रुपान्तरण गरी पर्यटकको बसाइँ लम्ब्याउने निर्णय भए पनि हालसम्म कार्यान्वयन नभएको जानकारी गराउँदै यथाशक्य छिटो खुला गर्न पहल गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।'

### ठट्टा नहोस् यसपटक

पोखराका व्यवसायीलाई प्रचण्डको आश्वासनले केही आशा जगाएको छ । २०७३ सालमै हिमागृह र रत्नमन्दिर जनताका लागि खुला गरिने बताइएको थियो । ट्रस्टले ३०७३ वैशाख ८ गतेदेखि सर्वसाधारका लागि खुला गर्ने निर्णय गर्दै मर्मत, थप पूर्वाधार निर्माण र टिकट छपाइको कामसमेत सुरु गरेको बताएको थियो ।

यसपटक प्रचण्ड आफैंले तत्काल सर्वसाधारका लागि खुला गर्ने वचन दिएपछि पोखराका व्यवसायी उत्साही छन् । उनीहरु भन्छन्, 'थुप्रै पटक रत्नमन्दिर खुला गर्ने विषय आएको छ, सेलाएको छ । ठट्टा नहोस् यसपटक ।'

पोखरा पर्यटन परिषदका अध्यक्ष चिरञ्जीवी पोखरेलले प्रचण्ड आफैंले रत्नमन्दिर र हिमागृह खोल्न प्रधानमन्त्रीसँग आग्रह गर्ने बताएपछि विश्वस्त भएको बताए । 'मन्त्रिपरिषदको निर्णयबाटै खुल्न सक्ने भएकाले यो ठूलो विषय होइन,' पोखरेलले भने, 'पर्यटकीय आकर्षण कसरी बनाउन सकिन्छ भने परिमार्जन गर्न जरुरी छ । ऐतिहासिक महत्वलाई बुझाएर थुप्रै पर्यटक तान्न सक्छौं ।'

ऐतिहासिक पक्षलाई उजागर हुने संरचना थप गर्ने र भएका संरचनालाई व्यवस्थित गरेर गतिलो गन्तव्य बनाउन सकिने र त्यो प्रोडक्टको प्रचार गर्दा देशीविदेशी पर्यटकको घुइँचो लाग्ने उनको विश्वास छ ।

संघीय पर्यटन मन्त्रालयका विज्ञ समूह सदस्य वासु त्रिपाठीले सरकार चलाइरहेको पार्टीका अध्यक्षले नै आश्वस्त पारेकाले उत्साही भएको बताए । रत्न मन्दिरलाई खुला गर्ने र त्यसलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने, त्यसको महत्व बुझाउने हो भनेमात्रै पनि ठूलो उपलब्धि हुने त्रिपाठीको भनाइ छ ।

'प्रचण्डको पोखरासँग एक खालको सेन्टिमेन्ट पनि छ र पोखरालाई केही गर्न पाए हुन्थ्यो भन्ने भावना पनि उहाँमा छ । प्रधानमन्त्रीसँगको सल्लाहमा गृह मन्त्रालय मातहत रहेको ट्रष्ट खोल्न खासै ठूलो समस्या देखिँदैन,' त्रिपाठीले भने, 'बरु त्यो सञ्चालनका निम्ति व्यवस्थापन समिति बनाउने र ऐतिहासिकतालाई बेच्ने योजना चाहिन्छ ।'

राजसंस्था अन्त्य भइरहेको अवस्थामा उनीहरुले खेल्ने मैदान, सुत्ने कोठा, प्रयोग गर्ने सामग्री हरेक कुरा ऐतिहासिक र लाखौं मूल्यको हुन सक्ने उनको भनाइ छ ।

१ सय १४ रोपनी क्षेत्रफलमा फैलिएको रत्नमन्दिरमा प्रशासनिक भवन, फेवातालसँगै ताल घर, सैनिक बस्ने ३८ कोठे लामो भवन छ । मुख्य भवनमा ११ कोठा छन् । तत्कालीन राजारानीले सुतेका कोठा, आराम गर्ने र खाना खाने कोठाहरु छन् । अहिले नेपाली सेनाको पहरामा रत्नमन्दिरलाई सर्वसाधरणको पहुँच बाहिर राखिएको छ ।



**अस्पतालको अनुगमन गर्दै मन्त्री पुन :** धौलागिरि अञ्चल अस्पतालमा बागलुङमा सामाजिक मन्त्रालयको बजेटबाट निर्माण भइरहेको चिकित्सक आवासको स्थलगत अनुगमन गर्दै गण्डकी प्रदेशको सामाजिक विकासमन्त्री नरदेवी पुन । अञ्चल अस्पताल बागलुङमा यो आर्थिक वर्षमा मात्रै सामाजिक विकास मन्त्रालयको झण्डै चार करोडको लागतमा भौतिक पूर्वाधार तथा उपकरण खरिद गरिएको छ । *तस्बिर : रासस*

# प्राथमिक उपचार प्रशिक्षण

**समाधान संवाददाता**
पोखरा, ६ असार

नेपाल रेडक्रस सोसाइटी पोखरा १७ उपशाखाले आधारभूत प्राथमिक उपचार प्रशिक्षण दिएको छ । बुधबार सुरु भएको तालिम शुक्रबार सकिएको छ ।

समापन समारोहमा पोखरा १७ का अध्यक्ष तीर्थराज अधिकारीले प्राथमिक उपचारबारे जानकारी भए धेरैको ज्यान जोगाउन सकिने बताए ।

उनले पोखरा १७ उपशाखालाई नमुना बनाउन वडाले सहयोग गर्ने प्रतिबद्धता गरे । कार्यक्रममा जिल्ला शाखा उपसभापति कृष्ण तिमिल्सिना, उपमन्त्री उर्मिला खड्का, पोखरा १७ उपशाखाका सचिव हरिप्रसाद लम्साल, सहभागीको तर्फबाट दीपिका घले, जीवन श्रेष्ठ लगायतले बोलेका थिए । कार्यक्रम उपशाखा सभापति झपिन्द्रराज रेग्मीको अध्यक्षतामा भएको थियो ।

नेपाल सरकार
गृह मन्त्रलय
नेपाल प्रहरी
**संघीय प्रहरी इकाई कार्यालय**
पोखरा

**सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति: २०७६।०३।०७*

यस कार्यालयबाट मिति २०७६/०२/२२ गतेको राष्ट्रिय दैनिक पत्रिका समाधानमा सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी पुनः दोस्रो पटक प्राकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरुको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको मर्मत कार्यको लागि देहायका उल्लेखित सिलबन्दी दरभाउ पत्र दाताले पेश गरेको सिलबन्दी दरभाउ पत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवं दफा २७ (०२) को प्रयोजनार्थ सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| S.N. | IFB No: | Description of Work | Bidder's Name | Bid Price Rs. (With VAT) |
|---|---|---|---|---|
| 1 | SQ/FPUOPKR/ RECON/075-076/01 | Renovation Work Of Old Office Building | T.B.M. Construction Pokhara 11 | 1,888,401.95 |

# रसगोत्राको नेपाल दृष्टि र ‘डुरेन्ड सिन्ड्रोम’



कृष्ण केसी

महाराजकृष्ण रसगोत्रा पुस्तक लेख्ने मुडमै थिएनन् । झन्डै ९० हाराहारीको उमेर, पूर्व विदेश सचिवको गहन जिम्मेवारी, धेरै सरकारी भाषाका सर्कुलर र विज्ञप्तिको ड्राफ्ट लेख्दालेख्दै थाकेर वाक्क दिक्क भइसकेका थिए उनी । सन् २०१३ को अन्त्यतिर एक दिन इन्डियन काउन्सिल अफ वर्ल्ड अफियर्सका डाइरेक्टरजेनरल राजीव भाटियाले उनलाई मुख्य वक्ताका रूपमा निम्ता दिए । उनको त्यो काउन्सिलको सम्बोधन यति प्रभावशाली बन्यो कि उनका साथीभाइ एवम् त्यस कार्यक्रमका सहभागीहरूले उनलाई आफ्नो अनुभवमा आधारित पुस्तक लेख्न सुझाए । अझ भनौं दबाब नै दिए । उनको नलेख्ने स्वघोषित प्रतिबद्धता तोड्दै लेखिएको पुस्तक हो ‘ए लाइफ इन डिप्लोमेसी’ ।

प्यालेस्टाइन मूलका अमेरिकी प्राज्ञ एडवर्ड सइदले लेखनका बारेमा एउटा रोचक टिप्पणी गरेका छन् । लेखकले एउटा उपलब्ध परिवेशमा निश्चित पाठकहरूलाई लक्ष्य गरी पुस्तक तथा गम्भीर आलेखहरू सिर्जना गर्छन् । त्यही लक्षित पाठक समुदायभित्र उक्त लेख एवम् पुस्तकहरूका बारे गम्भीर बहस र छलफल चल्छ । विरोध, समर्थन र निरपेक्षताको शृङ्खला नै चल्छ । यसैलाई उनले व्याख्या र ज्ञानको राजनीति भनेका छन् । रसगोत्रा भारतीय स्वतन्त्रतासँगैका प्रारम्भिककालीन विदेश मन्त्रालयका कर्मचारी हुन् । उनी भारतको संविधान निर्माण अगावै सन् १९४९ मा परराष्ट्र मन्त्रालयमा छिरेका हुन् । नेपाली राजनीति र कूटनीति जगत्मा गम्भीर चासोका साथ हेरिने कुरा के हो भने भारतका अनुभवी राजनीतिज्ञ एवम् कर्मचारीहरूले नेपालका बारेमा राख्ने अवधारणा के हो ? रसगोत्रा सन् पचासताकाकै नेपालका लागि भारतीय दूतावासमा कार्यरत अनुभवी पुराना कूटनीतिज्ञ हुन् । भारतीय विदेश मन्त्रालयका प्रारम्भिककालीन अनुभवी पूर्व विदेश सचिव रसगोत्राले आफ्नो यो पुस्तकमा नेपालका बारेमा थुप्रै पृष्ठ खर्चेका छन् । एडवर्ड सइदकै शब्दमा भन्ने हो भने यस पुस्तकमार्फत रसगोत्राले व्याख्याको ज्ञान र अनुभवको राजनीति गरेका छन् ।

यिनको नाम महाराजा भए पनि रसगोत्रा राजारजौटाका वंशज भने होइनन् । यी वास्तवमा कास्मिरी डोग्रा ब्राह्मणका सन्तति हुन् । अक्सफोर्ड विश्वविद्यालयमा पढ्दा यिनको नामले धेरैलाई झुक्याएको छ । भारतका रजौटा भन्ठानी तिम्रो घरमा कति नोकर चाकर घोडा हात्ती छन् भनेर सहपाठीहरूले उनीलाई हैरान पारेका छन् । तर नेपालका राजारजौटासँग भने यिनको प्रगाढ आत्मीय सम्बन्ध नै थियो । विदेश मन्त्रालयको जागिरका सुरुवाती वर्षहरूमा नै उनी काठमाडौँको भारतीय दूतावासमा खटिए । राजा त्रिभुवनलाई सी.पी. एन.सिंघले काठमाडौँबाट भगाएर दिल्ली पुर्‍याउँदा उनको रेखदेका लागि भारतीय विदेश मन्त्रालयका तर्फबाट रसगोत्रा नै खटिएका थिए । सन् १९५४ को मे महिनाको मध्यतिर एउटा नरमाइलो घटना हुँदा रसगोत्रा काठमाडौँस्थित भारतीय दूतावासमा नै कार्यरत थिए । भारतीय राष्ट्रिय काँग्रेसका प्रभावशाली सदस्य राधारमण केही भारतीय लोकसभाका सदस्यहरूका साथ सद्भाव भ्रमणका लागि आफ्नै खर्चमा काठमाडौँ आएका थिए । पाहुनाहरूको स्वागत र सत्कारका लागि अहिलेको जस्तो हायात, सोल्टी द्वारिकाज जस्ता तारे होटल थिएनन् । राधारमणको उक्त प्रतिनिधि मण्डलले काठमाडौँको विमानस्थलमा उत्रनेबित्तिकै ठूलो विरोधको सामना गर्नुपर्‍यो । नेपालको आन्तरिक मामिलामा चलखेल गर्न आएको भन्दै गौचर नजिक उनका विरुद्ध चर्को नाराबाजी मात्रै भएन भिडबाट प्रतिनिधि मण्डललाई लक्ष्य गरी ढुंगा नै प्रहार गरियो । त्यो घटनाको चौतर्फी विरोध भयो । भारतका प्रधानमन्त्री नेहरूले नेपालका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई पत्र नै लेखे । नेपाल सरकारले काठमाडौँस्थित तत्कालीन भारतीय राजादूत बी.के. गोख्लेलाई बोलाई उक्त घटनाप्रति दु:ख प्रकट गर्दै क्षमा याचना गर्‍यो । मातृकाले भर्खरै सत्ताच्युत भएका राणा एवम् के आई. सिंहको उक्त घटनामा हात हुन सक्नेतर्फ सङ्केत गरे । तर पछि कोइरालाकै एउटा विश्वास पात्रले रसगोत्रालाई उक्त घटना कोइरालाकै स्वीकृतिमा उनका आसेपासेले घटाएको हो भनिदिए । यसले नेपाल भारत सम्बन्धको जटिलता, संवेदनशीलता एवम् षडयन्त्रका सिद्धान्तहरूको रहस्योद्घाटन गरेको छ ।

राजा त्रिभुवनको देहवासनपश्चात् युवराज महेन्द्र नेपालका राजा भए । भारतका प्रथम राष्ट्रपति राजेन्द्र प्रसादको निमन्त्रणामा राजा महेन्द्रले पहिलो राजकीय भ्रमण भारतमा गरे । उक्त भ्रमणमा भारतका तर्फबाट लियाजन अफिसरमा रसगोत्रा नै खटिए । त्यस बेलाका अविवाहित रसगोत्रालाई राजा महेन्द्रले उक्त भ्रमणका समयमा व्यङ्ग्यवाण प्रहार गरिहाले । ‘यी अविवाहित रसगोत्रा काठमाडौँस्थित निवासमा कसरी बस्न सकेका रहेछन् छड्के जाँच गर्नु छ ।’ चलाख कूटनीतिज्ञ रसगोत्राले राजा महेन्द्रलाई आफ्नो निवास कमलपोखरीमा डिनरका लागि निमन्त्रणा गरिहाले । काठमाडौँको उक्त रात्रि भोजमा महाराजकृष्ण रसगोत्रा भारतीय राजदूत भगवान् साह्य मेडम साह्य एवम् राजा महेन्द्र र रानी रत्न सहभागी भएको पुस्तकमा उल्लेख गरेका छन् । सन् १९५७ को अन्त्यतिर राजा महेन्द्रले दोस्रो राजकीय भ्रमणमा रसगोत्रा र उनका परिवारलाई दिल्लीको दरियागंजमा अवस्थित मोती भवनमा निजी रात्रिभोजको आयोजना गरे । उक्त भोजमा रसगोत्रा, उनकी श्रीमती कादम्बरी, राजारानी र रसगोत्राका ससुराली परिवारका सदस्यमात्र सहभागी थिए । यो प्रसंगले राजा महेन्द्रको छिमेकी कूटनीतिको अर्को पाटोको आंकलन गरेको छ ।

सन् १९६२ मा चीनसँगको युद्धमा भारत नराम्ररी पराजित भयो । सन् १९६३ मा नेहरूले आफ्ना तत्कालीन राज्यमन्त्री लालबहादुर शास्त्रीलाई (उनी नेहरूपछि भारतका प्रधानमन्त्री बने) नेपाल भ्रमणमा पठाए । रसगोत्राको बुझाइमा नेपाल सरकारले शास्त्रीको उक्त भ्रमणलाई यथोचित सम्मान एवम् स्थान दिइएन । शास्त्रीको सम्मानमा आयोजित एउटा कार्यक्रममा पनि साङ्केतिक रूपले भारतको विरोध गरियो । शास्त्रीले ‘ जबाफ मिल्यो’ भनी कार्यक्रमको बिचैमा उठेर हिँड्न खोजे तर रसगोत्राले शास्त्रीलाई त्यसो नगर्न सुझाए । सन् १९६५ को पाकिस्तानसँगको युद्धमा भने भारतीय पक्षको हात माथि देखियो । राजा महेन्द्रले आफ्ना प्रधानमन्त्री तुलसी गिरीलाई तुरुन्त भारत पठाई नेहरूको साहस एवम् नेतृत्व कुशलताको प्रशंसा गर्न लगाए । रसगोत्राले छिमेकीहरूले सहजता र असहजतामा ‘छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी’ को व्यवहार चरित्रार्थ गर्छन् भनी पुस्तकमा नेपालप्रति व्यङ्ग्यवाण कसेका छन् ।

पछि सन् १९७३ मा इन्दिरा गान्धीले रसगोत्रालाई नेपालका लागि राजदूत नियुक्ति गरिन् । रसगोत्रालाई नेपालमा जिम्मेवारी सम्हाल्न पठाउनुअघि इन्दिराले उनलाई भनेकी थिइन्, ‘नेपालका शासकहरू विश्वास गर्न नसकिने खालका छन् । उनीहरू मुखले एउटा कुरा बोल्छन् व्यवहार अर्कै गर्छन् ।’ नेपालका राजादेखि नेतासम्म रसगोत्राको राम्रो पकड भएको कुरालाई सङ्केत गर्दै सुझाएकी थिइन्, ‘व्यवहार गर्दा कडा हुनू ।’ यसले इन्दिरा गान्धीको नेपालप्रतिको मनोविज्ञानलाई उजागर गर्छ । राजनीति र कूटनीति सोचे जस्तो सरल बाटोमा हिँड्दैन । इन्दिरा नेहरू जस्तो नैतिक र बौद्धिक मूल्यबाट निर्देशित राजनीतिज्ञ पनि थिइनन् । उनी रुखो यथार्थवादी एवम् महत्त्वाकांक्षी नेतृ थिइन् । राजनीतिक रसायनको अवयवहरुले इन्दिराको ‘गुङ्गी गुडिया’ रुपी मासुम व्यक्तित्वलाई कठोर ‘आइरन लेडी’ मा रुपान्तरण गरिसकेको थियो । नेपाली काँग्रेसका नेता बीपी कोइराला भारत निर्वासनमै थिए । सन् १९७५ मा इन्दिराले भारतको सम्पूर्ण लोकतान्त्रिक पद्धति अवरुद्ध गर्दै ‘इमरजेन्सी’ घोषणा गरिन् । बीपीका नजिकका मित्र जयप्रकाश नारायण, राममनोहर लोहिया, चन्द्रशेखर, चौधरी चरण सिंहलगायत धेरैलाई जेलमा कोचिन् । बीपीले के मसिनो आवाजमा विद्रोहको स्वर निकालेथे, यिनै रसगोत्रा लगाएर नेपालको राजाका सरकारलाई बुझाइदिइन् । भनिन्छ बीपीको ‘राष्ट्रिय मेलमिलाप’को स्वदेश फिर्तीमा इन्दिरा गान्धीले राजा वीरेन्द्रसँग तुष्टीकरणको कूटनीति गर्दै थिइन् । इन्दिराले रसगोत्रालाई दिएको निर्देशन आफैले कार्यान्वयन गरिरहेकी थिइन् । राजनीति र कूटनीतिको चक्रव्यूह यति बलियो जटिल एवम् अनिश्चित हुन्छ कि इमानदारीपन र नैतिकता पनि यसको फन्दाबाट सजिलै नउम्कन सक्छ ।

रसगोत्रा नेपालका लागि भारतीय राजदूत भए पनि सन् १९७५ मा सिक्किमलाई भारतमा गाभ्दा दिल्लीतिरै थिए । उनले साउथ ब्लकको कार्यालयमा साथीभाइहरूबाट यसबारे गाइगुई सुने । उक्त योजनाबारे इन्दिरा गान्धीबाटै जान्न चाहे । इन्दिराले रसगोत्रालाई ठाडै हकार्दै भनिन्, ‘तिमी नेपालका राजदूतलाई सिक्किमका बारेमा किन अनावश्यक चासो ?’ सिक्किमका राजा चोग्यालकी अमेरिकी रानी होप कुकले सिक्किमलाई संयुक्त राष्ट्र संघको सदस्य बनाउन खोजेकाप्रति भारत ज्यादै रुष्ट थियो । नेपालमा सिक्किमको विषयलाई लिएर भारतको तीव्र विरोध भयो । सरकारी सञ्चार माध्यम लगायत ठूलो जनमतले भारतको उक्त कदमप्रति तीव्र आक्रोश व्यक्त गर्‍यो । विरोधको तेस्रो दिन केही आक्रोशित विद्यार्थीहरूले भारतीय सूचनाकेन्द्र र पुस्तकालयमा ढुंगा प्रहार गरे । इन्दिरा, नेहरू हुँदाहुँदा महात्मा गान्धीको पुत्ला पनि जलाइयो । रसगोत्राले उक्त घटनाको परराष्ट्रमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसमक्ष कडा विरोध जनाए । त्यसको अर्को दिन झण्डै तीन सयजना जतिको जुलुसले रसगोत्रालाई दूतावासको मूल गेटमा तालाबन्दी गरी थुनिदियो । आक्रोशित रसगोत्राले परराष्ट्रमन्त्री कार्कीलाई फोनबाट आफूमाथिको आक्रमण तुरुन्त नरोकिए आफू भिडकै सामु गएर सरकारका विरुद्ध राजनीतिक भाषण गरिदिने चेतावनी दिए । उक्त भिडलाई तुरुन्त प्रहरीले नियन्त्रणमा लियो ।

रसगोत्राले पनि तुरुन्तै नेपाल सरकारसमक्ष विरोध पत्र दर्ज गरे । भारतले विरोधको सङ्केतस्वरूप राजदूत रसगोत्रालाई नेपालबाट फिर्ता बोलायो । रसगोत्राले राजासँग भेट गरी घटनाको जानकारी गराए र दिल्ली फिर्ता भए । राजा वीरेन्द्रले तुरुन्तै प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाललाई दिल्ली पठाए । इन्दिरा गान्धीले रसगोत्राकै सामु रिजाल समक्ष आक्रोश व्यक्त गरिन् । नेपाल सरकारले घटनाप्रति क्षमयाचना गर्‍यो । सम्बन्ध केही सामन्यीकरण भयो । रसगोत्रा दुई महिनापछि राजदूतको जिम्मेवारी सम्हाल्न पुन: काठमाडौँ फर्कंदा परराष्ट्रमन्त्री कार्की भने पदमुक्त भइसकेका थिए । भारतमा सिक्किमको विलयपश्चात सिक्किमको दोस्रो पुस्ताले बिर्सिसकेको तर नेपाली राजनीतिको मनोविज्ञानमा अद्यापि जीवित ‘सिक्किमीकरण’ को कथा हो यो रसगोत्राले आफ्नो पुस्तकमा लेखेको ।


राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको सन्दर्भ पारेर नेपाललाई ‘शान्ति क्षेत्र’ घोषणा प्रस्ताव गरे । नेपालका दुई ठूला छिमेकीबीच निरपेक्षताको सङ्केत थियो त्यो ‘शान्ति क्षेत्र’ प्रस्ताव । चीन र पाकिस्तानले उक्त प्रस्तावलाई तुरुन्तै समर्थन जनाइहाले । यसले भारतलाई झन् बढी सशंकित बनायो । रसगोत्राको बुझाइमा नेपालले कूटनीतिक रूपमा भारतलाई सबैभन्दा असजिलो पारेको प्रस्ताव थियो उक्त ‘शान्ति क्षेत्र’ । यसलाई पुस्तकमा उनले ‘अमोघास्त्र’ भनेका छन् । बहुदलीय प्रजातन्त्रको पुनरोदयपश्चात् उक्त प्रस्ताव त्यसै हराएर गयो । नेपालका कुनै पनि ‘राष्ट्रवादी’ ले उक्त प्रस्तावको अवसानमा चुँसम्म पनि बोलेनन् । सन् १८९० मा तत्कालीन ब्रिटिस आवासीय प्रतिनिधि मेजर इ एल डुरेन्डले दिल्लीमा आफ्ना विदेशमन्त्री एच.एम. डुरेन्डलाई नेपालका बारेमा एउटा रोचक टिप्पणी गरे । ‘बेलायत (भारत) सरकारले नेपालप्रति जति उदार भाव देखाए पनि नेपालको दरबारले हाम्रो प्रभाव रोक्न चिनलाई उपयोग नगरी छाड्दैन ।’ राजा वीरेन्द्रका एक सल्लाहकारले रात्रिभोजमा हल्का नसाको तालमा रसगोत्रालाई एउटा घतलाग्दो प्रसंग सुनाए । ‘माहमहिम हामी भारत विरोधी होइनौं र हुन पनि सक्दैनौँ । हाम्रा सामाजिक सांस्कृतिक एवम् आर्थिक सम्बन्धले पनि त्यसो हुन दिँदैन । तर कुरा के हो भने हामी अति भारतमुखी भयौँ भने हामीले उत्तरी छिमेकीलाई बिर्सिरहेका हुनेछौँ ।’ रसगोत्राले नेपालको यो मनोविज्ञानलाई ‘डुरेन्ड सिन्ड्रोम’ भनेका छन् । सायद अमेरिकी प्राध्यापक लियो रोजले आफ्नो पुस्तक ‘नेपाल स्ट्राटेजी फर सरभाइभल’ मा सङ्केत गर्न खोजेको पनि यसैलाई होला ।

रसगोत्राका पुस्तकमा उल्लिखित यी प्रसंगहरू नेपालसम्बन्धी उनका अनुभव र अनुभूति हुन् । यसले नेपाल र भारतका पाठकलाई छुट्टाछुट्टै सन्देश प्रवाह गर्न खोजेको छ । रसगोत्राको पुस्तक सरसर्ती अध्ययन गर्दा भारत स्वतन्त्रतादेखि
उस्तै आरोह एवम् अवरोध झेलिरहे
सुरक्षा कवचको अंग ठान्छ । नेपाल
नआओस् भन्छ । नेपालमा हुने प्रत्येक
चस्माले अवलोकन गर्छ । नेपालले
क्रियाकलापलाई सार्वभौमसत्ताको म
सिक्किमको विलयपश्चात् त्रस्त र स

जटिल छ नेपाल भारत सम्बन्ध ।
व्यवसाय गर्नेका साथै बसोबास गर्ने
छ । तराईमा भारतसँग बिहावारीको
सङ्ख्या भारतीय सैनिकमा छ । उक्त
नेपालीहरूको पहुँच छ । कार्गिल, द
परिचालन भएकै छ । नेपालको भारत
चुनौतीको रूपमा देखा परेको छ ।
उथलपुथलमा भारतको परोक्ष एवम् प्र
स्थापनाका लागि भएको त्रिपक्षीय दिल्ल
लागि लौहपुरुष गणेशमान सिंहको
उपस्थिति एवम् सन् २००५ को बाह्रबुँ
वा परोक्ष हात देखिन्छ । राजनीति र क
अपेक्षा गर्नु मूर्खता हुन्छ । रसगोत्राका
मनमा उठ्ने प्रश्न के हो भने नेपाल
अपेक्षामा उक्त लागतको कत्तिको ख्य

भलै आकार र जनसङ्ख्यामा
सीमामा अवस्थित भारतीय सुरक्षा
माध्यमद्वारा हटाएकै हो । राजा वी
अमोघास्त्र’ प्रहार गरेकै हो । भारतीय
पारबहन सम्झौता गरेर साउथ ब्लकल
यो पुस्तक नेपालका लागि भारतीय
हो । नेपालको परराष्ट्र मन्त्रालयले उल
गरेको छ कि छैन यकिनका साथ भ
जटिल परिस्थितिहरूको सामना गर्न
संरचनाहरूलाई भने समयानुकूल परिव

रसगोत्राका पुस्तकमा ‘पुस्तक



| | |
|---|---|
| **पुस्तकको नाम** | **: ए लाइफ इन डिप्लोमेसी** |
| **लेखक** | **: महाराजकृष्ण रसगोत्रा** |
| **पृष्ठ** | **: ४३७** |
| **प्रकाशक** | **: पेन्गुइन बुक्स, इन्डिया** |
| **मूल्य** | **: भारतीय रु. ६९९** |

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य उत्तरायण, ग्रीष्म ऋतुः, परिधावी नाम संवत्सर, श्रीशाके १९४१, सम्वत २०७६ साल आषाढ ८ गते रविबार नेपाल सम्बत ११३९ तछलागा, सन् २०१९ जुन २३ तारिक कृष्णपक्ष षष्ठी तिथि राती ९ वजेर ३१ मिनेटम्म, शतभिषा नक्षत्र राती १० वजेर ३७ मिनेटसम्म, प्रीतियोग, गरकरण, आनन्दादियोग रक्ष, सूर्य मिथुन राशीमा, चन्द्रमा कुम्भ राशीमा ।

**जिज्ञासाको लागि : ९८५६०२६३९७**
gurupatrakar@gmail.com

## आजको शुभाशुभ

### मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आकस्मिक आम्दानीको योग देखिन्छ । घर परिवारबाट सुख शान्ति मिल्नेछ । व्यापार व्यवसायबाट आम्दानी बढ्नेछ । नोकरीमा तथा राजनीतिमा आफ्नो भूमिकाको खोजी हुनेछ ।

### वृष (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
कार्य सफलताले मनमा उमङ्ग बढ्नेछ । नोकरी तथा राजनीतिमा नयाँ अवसर प्राप्त हुन सक्छ । स्वदेश मात्र होइन वैदेशिक कामबाट लाभान्वित भइनेछ ।

### मिथुन (का,की,कू,घ,ङ,छ,के,को,हा)
सोच विचार काम गर्नु होला । अरुले धोका दिन सक्छन् चनाखो रहनु होला । इज्जत प्रतिष्ठा गिराउन खोज्ने छन् । आफ्ना कामले भन्दा अरुका कामले प्राथमिकता पाउनेछ ।

### कर्कट (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
समय प्रतिकुल छ । काम गरेर उपलब्धि हात लाग्यो शून्य होला । व्यापार व्यवसायमा आएको मन्दि काय रहन सक्छ । खानपानका कारण स्वास्थ्यमा असर पर्नेछ ।

### सिंह (मा.मी,मू,मे,मो,टा,टी,टू,टे)
प्रेममा सफल हुनुहुनेछ । जीवन साथिबाट सहयोग पाईनेछ । व्यापार व्यवसायबाट आय आर्जन राम्रो होला तर उपेक्षा गरेर काम नगर्नु होला ।

### कन्या (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
उच्च मनोबलका साथ काम गर्नु होला । स्वाथ्यमा सुधार आउनेछ । प्रतिशपर्धामा अगाडि हुनुहुनेछ । इच्छाशक्ति बढ्नेछ । व्यापार व्यवसायबाट आय आर्जन बढ्नेछ ।

### तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
अन्योलमा नपरि काम गर्नु होला । पढाई लेखाईमा प्रगति हुने छ । समयको गति सँग हिड्न सकिएन भने पछि परिने छ,आफुले लिने ठाँउ अरुले लिने छन् ।

### वृश्चिक (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
परिवारिक सुख मिल्नेछ । काम गर्ने जोश जागर घट्नेछ । भोग विलासिता तिर मन आकर्षित हुनेछ । नयाँ काममा हात नहाल्नु होला ।


### धनु (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
दिन अनुकुल देखिन्छ । आर्थिक राहतका कार्यक्रम अगाडि बढ्ने छन् । सवैलाई आफन्त र सवैलाई पराई नसंभ्रुनु होला । व्यवहार गर्दा चिनेर मात्रै काम गर्नु होला ।

### मकर (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
दिन अनुकुल देखिन्छ । आर्थिक राहतका कार्यक्रम अगाडि बढ्ने छन् । सवैलाई आफन्त र सवैलाई पराई नसंभ्रुन होला ।

### कुम्भ (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
संचित धन बढ्नेछ । आफन्तबाट सहयोग सहनुभूति कम मिल्नेछ । वोलिका कारण नजिकका पनि टाढा हुनेछन् । आर्थिक कारोवार गर्दा बढि चनाखो रहनु आवश्यक छ ।

### मीन (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
दिन सामान्य देखिन्छ । खर्चको मात्रा बढ्न सक्छ । आफन्तसँगको भेटघाटमा समय र धन बढि खर्च हुने देखिन्छ । व्यापार व्यवसायबाट आशातित लाभ लिन सकिने छैन ।

भारतमा सिक्किमको विलयपश्चात सिक्किमको दोस्रो पुस्ताले बिर्सिसकेको तर नेपाली राजनीतिको मनोविज्ञानमा अझापि जीवित 'सिक्किमीकरण' को कथा हो यो रसगोत्राले आफ्नो पुस्तकमा लेखेको।




र्तमानसम्म नेपाल भारत सम्बन्ध को छ । भारत नेपाललाई आफ्नो आफ्नो स्वतन्त्र पहिचानमा आँच क्रियाकलापलाई भारतले सुरक्षाको भारतले गर्ने नेपालसम्बन्धी प्रत्येक ोविज्ञानले मापन गर्छ । भारतमा तर्क छ नेपाल ।

दुवै देशमा ठूला संख्यामा व्यापार ूलो जनसङ्ख्या छ । खुला सिमाना सम्बन्ध छ । नेपालीहरूको ठूलो सुरक्षा निकायको माथिल्लो तहमै रास र दोक्लाममा गोर्खा राइफल सँगको बढ्दो व्यापार घाटा गम्भीर नेपालको महत्त्वपूर्ण राजनीतिक त्यक्ष हात छ । नेपालमा प्रजातन्त्र ी सम्झौता, प्रजातन्त्र पुनर्स्थापनाका चाक्सिबारीमा भारतीय नेताहरूको समझदारीमा पनि भारतको प्रत्यक्ष ूटनीतिमा लागतबिनाको सहयोगको ुस्तकका पाना पल्टिरहँदा पाठकका नको राजनीतिक वृत्तले सहयोगको ाल गर्‍यो होला ?

ानै देश भए पनि नेपालको उत्तरी चेकपोस्टलाई नेपालले कूटनीतिक रेन्द्रको 'शान्ति क्षेत्र' प्रस्तावले ' नाकाबन्दीपश्चात् नेपालले चिनसँग ाई तरंगित पारेकै हो । रसगोत्राको कूटनीतिक एवम् सामरिक चस्मा लेखित घटनाक्रमको अभिलेखीकरण न त सकिँदैन तर नेपालले यस्ता आफ्ना जनशक्ति संस्था एवम् र्तन गर्न सकिरहेको छैन ।

कूटनीति'को अर्को एउटा रमाइलो प्रसंग छ । सन् १९६९ मा रसगोत्रा मोरक्कोबाट अमेरिका सरुवा भए । त्यतिबेला राष्ट्रपति रिचर्ड निक्सनका सुरक्षा मामिला सहायक हेनरी किसिन्जर थिए । मोरक्कोकी अधिराजकुमारी लल्लाले रसगोत्रालाई एउटा रात्रिभोजको अवसर पारेर किसिन्जरसँग परिचय गराइन् । त्यसै अवस्थामा रसगोत्राले किसिञ्जरले लेखेको पुस्तक 'ए वर्ल्ड रिस्टोर्ड' पढेको जानकारी गराए । डिनरपश्चात् किसिञ्जर रसगोत्राको नजिक आई आफ्ना पुस्तकका बारेमा छलफल गरे । कुराकानीकै सिलसिलामा रसगोत्राले किसिञ्जरको अर्को पुस्तक 'न्युकिलियर वेपन एन्ड फरेन पोलिसी' को चर्चा गरे । आणविक हतियारको जटिल राजनीतिक एवम् सामरिक मुद्दालाई किसिञ्जरको उक्त पुस्तकले सहज ढंगले बुझ्न मद्दत गरेको उल्लेख गरे । उक्त वार्तापश्चात् रसगोत्रासँग किसिञ्जर यति प्रभावित भए कि उनले रसगोत्रालाई भने 'म वासिङ्टनमा कमै मात्र राजदूतहरूलाई भेट्छु । राजदूतभन्दा तलका कर्मचारीसँग त भेट्दै भेट्दिन । तर आजबाट तिम्रा लागि मेरो ह्वाइट हाउसको दरवाजा र फोन नम्बर सदा खुला रहनेछ' । रसगोत्राले पुस्तक पढेर किसिञ्जरको मन जितेको 'बुक डिप्लोमेसी' को प्रसंग हो यो ।

प्रधानमन्त्री ओली भारतीय समकक्षी मोदी २.० को सपथ समारोहमा सहभागी भई स्वदेश फर्किसकेका छन् । ओलीले सपथ समारोहमा भाग लिइरहँदा नेपालको संविधान घोषणा गर्दा ताकाका संविधानलाई स्थगनका लागि दबाबद दिन मोदीका विशेष दूतका रूपमा पठाइएका भारतीय पूर्व विदेश सचिव एस. जयशङ्कर मोदी २.० सरकारका विदेश मन्त्रीमा नियुक्ति भएका छन् । उनको नियुक्तिलाई लिएर नेपालका सामाजिक सञ्जाल र प्रेस जगत् राम्ररी नै तरङ्गित भएको छ । भारतीय सामरिक नीतिका बाजजस्ता कौटिल्य के. सुब्रमन्यमका छोरा डा. एस. जयशङ्कर नेपाल मामिलाका नभई अमेरिका, चीन एवं आणविक कूटनीतिको विशेषज्ञको रूपमा चिनिन्छन् । विद्यमान परिवेशमा नेपालले भारत, चीन र पश्चिमा शक्ति सन्तुलनलाई कसरी व्यवस्थापन गर्ला भनी कूटनीतिक वृत्तमा गम्भीर चासोका साथ हेरिएको छ । यसै सन्दर्भमा पाठकहरुलाई कौतूहलता जगाइरहने प्रश्न के हो भने रसगोत्राले नचाहँदा नचाहँदै लेखेको नेपाली कूटनीतिक एवम् सामरिक चस्मा रुपी सन् २०१६ मा प्रकाशित पुस्तक 'ए लाइफ इन डिप्लोमेसी' नेपालको परराष्ट्र एवम् सुरक्षा मामिलामा चासो राख्ने कतिले पढे होलान् ?

***कृष्ण केसी मल्टिमोडल क्याम्पस पोखराका क्याम्पस प्रमुख हुन्।***

# यसरी 'फूले' वसन्त



नरेश फुयाँल

कलाधर सापकोटा गीत लेख्थे । छोरा वसन्त सापकोटा त्यसमा भाका हालेर गाउँथे । गाउँले परिवेश, गाउँकै भाका, वसन्तलाई गाउन कठिन लाग्दैन थियो । जहाँ जन्मियो, जस्तो वातावरण पायो व्यक्ति त्यस्तै न हुने हो । कुमालेको काँचो माटो जस्तो । बुवा स्वयम् गीत लेख्ने भएपछि वसन्तलाई गाउन छेकबार थिएन । बुवा हौसला दिन्थे, साथीहरु उकास्थे । बालापनका वसन्तलाई के चाहियो ? गाउँथे । त्यसमाथि विद्यालयमा हुने प्रतियोगितामा जित्ने कलमकापीले उर्जा थप्थ्यो । जोशिन्थे । कास्कीको थुमाकोडाँडामा हुने भजनकिर्तनमा गाउँथे वसन्त ।

'पानको पात', 'बाँबरी फूलको बोट' गीतका भाका लिन्थे । शब्द आफैं बनाउँथे र गाउँथे । प्रतियोगितामा उनी कहिल्यै दोस्रो हुनु परेन । ०५२ सालमा एसएलसी दिए । नतिजाले उच्च शिक्षाका लागि बाटो खोलिदियो । पीएन क्याम्पसमा शिक्षाशास्त्र संकाय लिएर पढ्न थाले । रुचि गायनमा थियो । स्थानीय स्तरमा हुने प्रतियोगिता नै किन नहोस् ? उनले बाजी मारेकै थिए । उनकै शब्दमा वसन्तले कहिल्यै दोस्रो हुनु परेन ।

त्यसो भए किन पढेनन् संगीत ? र, भर्ना भए शिक्षा संकायमा ?

बिर्सिएका छैनन् वसन्तले । बुवा कलानिधि शिक्षक थिए । उनी छोरालाई पनि शिक्षक नै बनाउन चाहन्थे । गाउँमा शिक्षकको छुट्टै शान शौकत थियो । आफूले पाएको इज्जत उनी छोरामा सरोस् भन्न चहान्थे । बाउको बिँडो थामोस् भन्ने चहाना थियो । त्यसैले उनलाई बुबाले शिक्षा शास्त्र संकायमा भर्ना गरिदिए । मन त थिएन । तर मान्नै पर्‍यो ।

एक वर्ष पढेपछि मनले मानेन । मुखै फोरे । पढ्दिन शिक्षा । बन्दिन शिक्षक । पढ्छु संगीत । र, बन्छु गायक । छोराको चाहनालाई रोक्नु मनासिव ठानेनन् कलानिधिले ।

२०५४ सालमा ललितकला पढ्न काठमाडौं आए । आइए पढे । २०५८ मा उनी पोखरा नै फर्किए । काठमाडौंमा उनले त्यो बेला संगीतकर्मीलाई नचिनेका होइनन् । गायक-गायिकासँग चिनजान नभएको पनि होइन । तर भन्ने आँट आउँदैन थियो । 'सुरेश अधिकारीसँग पनि चिनजान थियो । महेश खड्कालाई पनि चिन्थेँ । तर उहाँहरु त्योबेलाका चर्चित संगीतकार तथा गायक हुनुहुन्थ्यो । त्यसैले म पनि यस्तो हुँ लौन भन्ने आँट आउँदैन थियो,' सुरेश सम्झनाको पोको खोल्छन् र तत्कालीन बाध्यताको कहर सुनाउँछन्, 'बुबाले अब म पैसा पठाउन सक्तिन । केही काम गरेर बस्ने भए बस् हैन भने गाउँ नै फर्कि भन्नुभयो । काठमाडौंमा काम गर्नेखालको वातावरण बनेन र म फर्किएँ ।

मध्यम वर्गीय परिवार पुर्ख्यौली सम्पत्तिको आडभरोसा थिएन । मनको इच्छा, चाहनालाई थाँती रोखेर जिजिविशा चलाउन काम गर्नैपर्थ्यो । रहरलाई कहरले जित्यो । सुरु गरे इलेक्ट्रिसियनको काम । हाउस वायरिङको काम सिके । गरे । अहिले पनि उनलाई हाउसवाइरिङ गर्न आउँछ ।

पोखरा बगरमा दाइ बस्थे । छुट्टीमा त्यहीँ जाँदा वसन्तले गीत गुनगुनाएको सुनेका रहेछन् माधव पराजुलीले । उनले एक दिन भने, 'भाई एउटा फिल्ममा काम गर्नुपर्ने भयो ।'

वसन्त: फिल्ममा मैले के गर्नु ?

माधव: गीतको शब्द, संगीत, गायन सबै गर्नुपर्‍यो ।

०६१ सालमा अनपेक्षित रुपमा आएको अफर सुनाउँदै नोस्टाल्जिक हुन्छन् वसन्त । चलचित्र थियो, 'दोषी' । एक हप्ता लगाएर वसन्तले गीत तयार पारे । उनले तयार पारेका चारवटा गीतमा दुइटा वसन्तले नै गाए भने बाँकी दुइटामा एउटा कर्ण दास, माण्डवी त्रिपाठी र अर्को रामचन्द्र काफ्लेले गाए । यो चलचित्रको गीत 'पानीपानी' राम्रै चल्यो । जसमा वसन्तकै स्वर थियो । 'दोषी'ले वसन्तलाई काठमाडौं ल्यायो । यतै बस्न थाले । वसन्त पारिश्रमिक पनि सम्झिन्छन् -२० हजार रुपैयाँ ।

२०६३ मा उनले 'वसन्त' गीती एल्बम नै निकाले । यो एल्बमको 'माया अन्त्यै सार' निकै लोकप्रिय भयो । 'तहल्का डटकम' उनको पहिलो फिचर फिल्म थियो ।

२०६५ मा चलचित्र 'सिलसिला' निर्माण भयो । 'सिलसिला'मा एउटा गीत छ, 'सागरसरी' । राजेश पायल राई र अञ्जु पन्तको स्वरमा रहेको यो गीतमा वसन्तले संगीत भरे । यो गीतले वसन्तको जिन्दगीमा ट्र्निङ प्वाइन्ट ल्यायो । संगीतकारको रुपमा उनलाई चिनाउने गीत नै यही बन्यो ।

चलचित्र लेखक प्रदीप भारद्वाजसँग वसन्तको राम्रो चिनजान थियो । चलचित्र लेखकका हैसियतले प्रदीपले धेरै चलचित्र निर्माताहरुलाई चिनेका थिए । त्यसैले वसन्तलाई लिएर उनले 'सागरसरी' गीत लिएर थुप्रै निर्माताको ढोका ढक्ढक्याएको वसन्तले बिर्सिएका छैनन् । '१९ जना प्रोड्युसरसँग प्रदीपजीले मलाई यो गीतका लागि भेटाउनु भयो । 'कुसुमे रुमाल-२', 'राज्य' फिल्म बन्दैथियो । भेट्यौं । श्याम भट्टराई, ज्ञानेन्द्र देउजा, योगेश भट्टराईलाई भेटेर 'सागरसरी' सुनाएको थिएँ । १९ जनापछि २० जनामा पुग्दा 'सिलसिला'ले यो गीत राख्यो, वसन्त भन्छन्, 'सिआरबीटीमा सबैभन्दा धेरै डाउनलोड हुने चलचित्रको गीतमा अहिले पनि यो गीत पर्छ । डान्सिङ नम्बर चलिरहेका बेला मैले मेलोडी गीत बनाएर चलाएको थिएँ ।'

गायक बन्ने रहर

गीत गाउन वसन्तलाई कठिन थिएन । सक्थे । आफैं संगीतकार भएकाले कतिपय अवस्थामा आफू अनुकुल संगीत भर्न पनि सक्थे । गीत पनि लेख्ने उनलाई शब्द देखि नै त्यसको तारतम्य मिलाउन कठिन थिएन । पोखराबाट काठमाडौं ओर्लिदा उनले देखेको सपना पनि गायक थियो । तर सपनाले सधैँ कहाँ साथ दिन्छ र ? जिन्दगीका उकाली ओरालीमा तरेलीहरु भेटिए । त्यसलाई छिचोल्नु थियो । गन्तव्य लामो थियो । तर, बाटो उकालो थियो ।

गीत लेख्थे । संगीत पनि भर्थे । गाउँथे पनि । तर, लगानी कसले गरिदिन्छ ? वसन्तसँग पैसा थिएन । अभावले बाटो मोडिदियो । गायक होइन संगीतकारको यात्रा सुरु भयो । सुरुसुरुमा उनलाई लाग्थ्यो, मैले नै गाउन पाए ? मन भारी हुन्थ्यो । तर, परिबन्धको घेरा नाघ्न सक्तैन थिए । एकदिन दुईदिन मन अमिलो भयो । तर, दिन बित्दै जाँदा गायक बन्ने चाहना औल्याउँदै गयो । उनले आफूलाई संगीतकारमै ढाले । समयसँगै कति रहरहरु मर्छन्, कति परिवर्तन हुन्छन् । यो अनुभव वसन्तले पनि गरे । तर, कुनै गुनासो छैन अहिले उनलाई । समयले रहर मात्रै बदलेन, चाह पनि परिवर्तन गरिदियो ।

'लगानीकर्ताहरु कोही नयाँ प्रतिभालाई ठाउँ दिउँभन्दा पनि चलेको को छ उसैलाई गाउन लगाउँ भन्थे । त्यसमै म पनि अभ्यस्त हुँदै गएँ । संगीतमै रमाउन थालें' वसन्त सम्झिन्छन् ।

गीतका कथा

वसन्त संगीतमै रमाए । संगीतमै जीवन खोज्न थाले । भेट्टाए पनि । १३ सयभन्दा धेरै गीतमा संगीत भरिसकेका उनले १३० वटा चलचित्रका गीतमा संगीत भरेका छन् । जसमा ४० वटा गीतमा उनको स्वर पनि आफ्नै छ ।



**गीत लेख्थे। संगीत पनि भर्थे। गाउँथे पनि। तर, लगानी कसले गरिदिन्छ ? वसन्तसँग पैसा थिएन। अभावले बाटो मोडिदियो। गायक होइन, संगीतकारको यात्रा सुरु भयो।**

संगीत सिर्जना हो । सिर्जनाको कुनै मूल्य हुँदैन । तर यो दोस्रो वाक्य आदर्श भइसक्यो । किनकी संगीत उद्योगमा परिणत भइसक्यो । कलाको पनि ब्यापार हुन थाल्यो । त्यसैले यहाँ यसको बिक्री हुन्छ । बिक्री त्यही हुन्छ, जुन राम्रो छ । सयौं संगीतकर्मी छन् । फलत: चर्को प्रतिस्पर्धा छ ।

उनले संगीत भरेका १३ सय गीतमा सबै गीत हिट् छन् उनी भन्दैनन् । तर, दर्जनौं गीत भने लोकप्रिय छन् । 'सागरसरी', 'ढल्कियो ढल्कियो', 'सिम्पल सिम्पल कान्छीको', 'यो आँखामा तिमी छौं', 'कम्मरमाथि पटुकी', 'गाला रातै', 'स्लोली स्लोली', 'फिगर कोकोकोला', 'सिरैमा सिरबन्दी'लगायत उनका रुचाइएका गीत हुन् ।

'सिम्पल सिम्पल कान्छीको', 'ढल्कियो ढल्कियो' जस्ता गीत चलिरहेका थिए । वसन्तलाई नयाँ प्रयोग गर्न मन लाग्यो । अनपल्ग्ड गीत तयार पारे । त्यो पनि बच्चाको स्वरमा गाउने गरी । प्रेम परियारलाई खोजियो । चलचित्र 'नाईं नभन्नू ल-२' मा गीत राखियो । गीत थियो, 'यी आँखामा तिमी छौ' । गीत स्रोता दर्शकले रुचाए । लोकप्रिय भयो । 'सागरसरी' जस्तै यो गीतबाट पनि वसन्तले राष्ट्रिय पुरस्कार पाए ।

० ० ०

नयाँ पुस्तालाई लक्षित गरेर राजेन्द्र थापाले 'गाला रातै' गीत लेखे । संगीत गर्ने जिम्मा वसन्तको काँधमा थियो । वसन्तले गीतको शब्द थोरै चलाए । राजेन्द्रलाई मन परेन । वसन्तलाई गाली गरे ।

संगीत भरे । वसन्तले सोचेका थिए, यो गीतमा नयाँ गायक-गायिकालाई अवसर दिन्छु । प्रोड्युसरले मानेनन् । प्रोड्युसर राजेशपायल राई र अञ्जु पन्त चाहिन्छ भन्थे । तर वसन्तले भने, 'म यो गीतमा मिलन अमात्य र प्रह्लाद तिमलसेनालाई राख्छु मैले उहाँहरुसँग कुरा गरिसकेको छु । उहाँहरु मलाई पैसा फिर्ता दिनुस् भन्ने अवस्थामा पुग्नुभयो । तर मैले नराम्रो भयो भने नराम्रो भन्नुस् हैन भने उनीहरुलाई मैले वचन दिइसकेको छु । राम्रो गीत जसले गाए पनि चल्छ भनेर अड्डी कसेको थिएँ,' वसन्तले 'गाला रातै गीत रेकर्ड गर्दाको सकस सुनाए, 'चन्दु गोर्खालीको भजन थियो । मैले कम्पोज गरेको थिएँ । उहाँले आसामबाट आएकी एउटी बहिनी छिन् राम्रो गाउँछिन् भन्नुभयो । मैले बोलाउनुस् भनेँ । मलाई उनको स्वर राम्रो लाग्यो । गाला मोटोमोटो थियो । मैले उनलाई तिमीलाई गाला रातै भन्ने गीत छ गाउनुपर्छ भनेको थिएँ । त्यही वचन पूरा गर्न पनि मैले उनलाई नै गाउन दिनुपर्छ भनेको थिएँ ।'

० ० ०

गीत रचना होस् अथवा संगीत । त्यसको रचना कसरी हुन्छ ? अधिकांशको जवाफ हुन्छ, 'एकान्त, रुखको शितल, तलाउको छेऊ अर्थात अचानक कुनै बेला फुर्छ त्यसैलाई उतार्ने हो ।'

तर, वसन्तको हकमा अलि फरक छ । उनलाई संगीत भर्न न शान्त तलाउ चाहिन्छ न वरपीपलको ठूलो छहारी । जति बेला फुर्सद हुन्छन् त्यही बेला गर्छन् । पाँचदेखि १० मिनेट उनका लागि एउटा गीतमा संगीत भर्न पर्याप्त समय हो । डा. कृष्णहरि बरालका अधिकांश गीत वसन्तले उनकै घरमा गएर बरालकै अगाडि बसेर संगीत भरेका हुन्, पाँचदेखि १० मिनेटमा । बाह्रखरी

साईमन पार्टी प्यालेस
सृजनाचोक, पोखरा, फोन नं.: ०६१-५३९१०६
अत्यन्तै राम्रो व्यवस्थापनमा
वर्षौदेखि गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको
साईमन पार्टी प्यालेस
यहाँ
विवाह, वर्तवन्ध, सभा, सम्मेलन, भोजभतेर, पास्नी, गोष्ठी, सेमिनार, बर्थडे पार्टी आदि विभिन्न पार्टीहरु साथै खान, बस्नको राम्रो सुविधा रहेको छ ।
हलको क्षमता:
१,000 जना- १ वटा ५00 जना-१ वटा, २00 जना- १ वटा १00 जना- १ वटा
५0 जना - १ वटा र अन्य मिटिङ हलहरु
साथमा सुविधा सम्पन्न होटल र रेष्टुरेण्ट पनि
अग्रीम बुकिङको लागि:
फोन नं.: 0६१-५३९१0६, ९८५६0२११६८, ९८५६0३४९१९, ९८५६0२१३७७
पार्किङको राम्रो सुविधा

फिल्मी संसार
QFX cinemas
POKHARA CINEPLEX
पोखराको पहिलो सुविधा सम्पन्न सिनेमा हल
NOW SHOWING
AMAZING DEAL
EVERY WEDNESDAY
Only at Rs . 150 Per Ticket


**Kabir Singh-** 08:15AM, 09:00AM, 12:00PM, 12:45PM, 15:45PM, 16:45PM, 19:30PM, **3D: Toy Story 4**-20:30PM, **3D Men in Black: International**-12:30PM.
061-522630/647 www.cineplex.qfxcinemas.com http://pokharacineplex.com Facebook Pokharacineplex

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

528009
खानेपानी चाहिएमा

## लायन्स क्याबिनेट मिटिङ आज

पोखरा, ६ असार (समाधान)- लायन्स क्लब इन्टरनेसनल ३२५ बी १ नेपालको वर्ष २०१८/१९ को चौंथो क्याबिनेट मिटिङ शनिबार कास्कीको लेखनाथमा हुने भएको छ । क्लब क्लबबीच भाइचारा सम्बन्ध विस्तारदेखि आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गरी यस वर्षको अन्तिम क्षेत्रीय सम्मेलनले गत वर्षको समीक्षा र आगामी वर्षका लागि कार्ययोजना बनाउने गरी सम्मेलनको आयोजना गरिएको हो ।

लायन्स क्लब अफ सेभन लेक सिटीको स्थानीय व्यवस्थापन हुन लागेको सम्मेलन लेखनाथ, तालचोकको शुभम् पाटी प्यालेसमा हुने भएको छ । सम्मेलनलाई सफल पार्न २५ सदस्यीय तयारी समिति, २४ वटा विभिन्न उप समिति र २१ सदस्यीय सल्लाहकार समिति गठन गरी तयारी गरिएको छ भने सम्मेलनमा ३२५ बी १ अन्तर्गत १६ जिल्लाका करिब ३ सय क्लबका १ हजार ८ सय प्रतिनिधि सहभागी हुने अनुमान गरिएको छ । सम्मेलन सम्पन्न गर्न करिब १८ लाख खर्च हुने र रजिस्ट्रेसनदेखि स्मारिका विज्ञापनबाट २० लाख संकलन हुने अनुमान गरिएको स्थानीय व्यवस्थापक लायन्स क्लब अफ सेभन लेक सिटीका अध्यक्ष गणेशप्रसाद ढुंगानाले जानकारी दिए ।

## लेडी जेसिज सप्ताह सकियो

पोखरा, ६ असार (समाधान)- पोखरा लेडी जेसिजको साताव्यापी कार्यक्रम सकिएको छ । सामाजिक उत्तरदायित्वमा महिला अग्रसरता, प्रभावकारी नेतृत्व आजको आवश्यकता' भन्ने नाराका साथ जेठ ३१ गतेदेखि सञ्चालन भएको साताव्यापी कार्यक्रम समुदायलाई लक्षित कार्यक्रम गरी सम्पन्न भएको हो । सप्ताहको अन्तिम दिन नवप्रभात माविका बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको थियो ।

पोखरा लेडी वर्ष २०१९ का अध्यक्ष सपना गिरीको अध्यक्षता भएको समापन कार्यक्रममा गण्डकी प्रदेशका सांसद बिन्दुकुमार थापा, नेपाल जेसिज वर्ष २०१९ का उपाध्यक्ष गोकुल सापकोटा, पोखरा जेसिजका पूर्व अध्यक्ष किरणलाल श्रेष्ठ वरिष्ठ मुटु रोग विषेशज्ञ डा. मुकुन्द आचार्य लगायतले बोलेका थिए ।

## कांग्रेस केन्द्रीय समिति बैठक असार तेस्रो साता

काठमाडौं, ६ असार (रासस)- नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठक यही असार २२ गते आइतबार सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा हुने भएको छ । बैठकमा केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य तथा आमन्त्रित सदस्यलाई उपस्थित हुन सभापति शेरबहादुर देउवाले आग्रह गरेका छन् । बैठकमा नियमावली संशोधन मस्यौदा समितिद्वारा प्रस्तुत नेपाली कांग्रेसको नियमावली, २०७६ मा छलफल, राष्ट्रिय जागरण अभियान पहिलो चरणको समीक्षा, भ्रातृ एवं शुभेच्छुक संस्थाको विधान तथा देशको समसामयिक राजनीतिक विषयमा विचारविमर्श हुने पार्टीका मुख्य सचिव कृष्ण पौडेलले बताए ।

## लागुऔषधसहित २ पक्राउ

दुलेगौंडा, ६ असार (समाधान)- तनहुँ प्रहरीले लागुऔषधसहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा आँबुखैरेनी गाउँपालिका ३ का २७ वर्षीय सुमन नेपाली र आबुँखैरनी २ का ३० वर्षीय सुमन नेपाली रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछाने बताए । उनीहरुको साथबाट ८६ एम्पुल नुर्फिन, ८४ एम्पुल फेनरागन र ८९ एम्पुल डाइजापाम गरी कुल २ सय ५९ एम्पुल लागुऔषध बरामद गरिएको उनले जानकारी दिए ।

# ब्रुमर सञ्चालन गर्न १ साता लाग्ने

### इटलीबाट ल्याइएका ५ वटा र चीनबाट ल्याइएका २ सहित अब ७ ब्रुमर सञ्चालन हुने

**समाधान संवाददाता**
काठमाडौं, ६ असार

काठमाडौं महानगरपालिकालाई चीनको छेन्दु नगरले प्रदान गरेको २ वटा ब्रुमर (यान्त्रिक कुँचो ) सञ्चालन गर्न अझै १ साता लाग्ने भएको छ । गत आइतबार चीनको छेन्दु नगरले काठमाडौं महानगरपालिकालाई ब्रुमर प्रदान गरेको थियो । ब्रुमर सञ्चालन गर्ने रुट, त्यसको चालक र सहचालक तथा केही यन्त्र जडान गर्नुपर्ने भएकाले यसको सञ्चालनमा अझै केही समय लाग्ने काठमाडौं महानगरले जनाएको छ ।



ब्रुमर युरो ५ मापदण्डका हुन् । महानगरको मेकानिकल शाखाका प्रमुख प्रमोद डङ्गोलका अनुसार ८ दशमलव ६ मिटर लम्बाइ र ३ दशमलव ५ मिटर चौडाइ भएका उक्त ब्रुमरमा २ वटा इञ्जिन छन् । ब्रुमर चलाउने इञ्जिनको क्षमता १ सय १८ किलोवाट छ । १५ दशमलव ८ टन तौल भएका दुबै ब्रुमरले ७ घनमिटर धुलो संकलन गर्ने र ९ घनमिटर पानी बोक्ने क्षमता राख्दछ ।

सडक सफाइ गर्दा पहिले पानी छर्केर धुलो नउड्ने बनाएपछि धुलो तथा पतिङ्गर तान्ने गर्छ । ९८ किलोमिटर प्रतिघन्टा गति भएको ब्रुमरले सडकको अवस्था हेरी प्रति घन्टा ३ किलोमिटरदेखि २० किलोमिटरसम्म सडक सफा गर्न सक्छ । ब्रुमरको मूल्य २ करोड २७ लाख ३ सय ७२ छ । आइतबार छेन्दु नगरका उपप्रमुख निउ छिङ्पाओले महानगरका मेयर विद्यासुन्दर शाक्यलाई ब्रुमरको साँचो हस्तान्तरण गरेका थिए ।

गत वैशाख २८ गतेदेखि इटलीबाट ल्याइएको ५ वटा ब्रुमर सञ्चालन भइरहेको काठमाडौं महानगरले जनाएको छ । चीनबाट ल्याइएको २ ब्रुमरसहित अब ७ ब्रुमर सञ्चालन हुने काठमाडौं वातावरण विभागका प्रमुख हरिकुमार श्रेष्ठले बताए ।

उनका अनुसार हरेक दिन साँझ ८ बजेदेखि बिहान ४ बजेसम्म ५ वटा रुट निर्धारण गरी ब्रुमर सञ्चालन हुँदै आएको छ । उक्त ब्रुमर दैनिक १० देखि १२ टनसम्म धुलो संकलन गर्दै आएको छ । संकलन गरिएको धुलो टेकुमा व्यवस्थापन गरिएको छ ।

'सञ्चालनमा रहेका ५ ब्रुमरबाट अहिलेसम्म करिब ४ सय टन धुलो संकलन गरिसकेको छ,' प्रमुख श्रेष्ठ भने, 'सडकमा रहेका खाल्डाखुल्डी प्रमुख समस्याको रुपमा देखिएको छ । यसको समाधानका लागि सडक विभागलाई आग्रह गरिएको छ ।' नियमित पर्ने पानी र खाल्डाखुल्डीका कारण ब्रुमर सञ्चालनमा समस्या देखिएको उनको भनाइ थियो ।

उक्त यान्त्रिक कुचो १० करोड ८० लाखमा ल्याइएको हो । ५ ब्रुमरमध्ये ४ वटा १६ टन क्षमताका तथा एउटा ६ टन क्षमताको छ । ती ब्रुमर दैनिक १० किलोमिटरसम्मको धुलो संकलन गर्नसक्ने क्षमताका छन् । युरो मापदण्डका भनिएका उक्त ब्रुमरमा अगाडि, बीचमा र पछाडि भागको दायाँबायाँ गरी प्लास्टिकका ४ ब्रससहित धुलो तान्न सक्ने शक्तिशाली पाइप जडान गरिएका छन् ।

मुख्य सडक सुन्धारास्थित धरहरा, दरबार हाइस्कुल, रानीपोखरी र बसपार्कमा विभिन्न स्थानबाट आएका सवारी साधनले ल्याएका हिलो माटोका कारण सफा गर्न समस्या भएको महानगरको वातावरण विभागले जनाएको छ । कानुनी रुपमा ८ मिटरभन्दा कम चौडाइका सडकमात्र महानगरको जिम्मेवारीमा पर्छन् भने अरु सडक विभाग मातहत पर्छन् ।



**ताप्लेजुङको हिमाली क्षेत्र ओलाङचुङगोलामा तमोर नदीमाथि स्थानीयले बनाएको फड्के। पुलको व्यवस्था नहुँदा स्थानीय यसरी जोखिम मोल्न बाध्य छन्।** *तस्बिर : रासस*

# मुस्ताङमा योग दिवस

**समाधान संवाददाता**
मुस्ताङ, ६ असार

अन्तर्राष्ट्रिय योग दिवसमा शुक्रबार मुस्ताङमा र्‍याली तथा योग शिविर भएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ब्रम्हकुमारी राजयोग प्रशिक्षण केन्द्र तथा पतञ्जली योगपीठको संयुक्त आयोजनामा भएको कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, जिल्ला स्थित सरकारी निकायका कर्मचारी, सुरक्षा निकाय, आमा समूह, युवा क्लब र विद्यार्थी सहभागी थिए ।

घरपझोङ गाउँपालिका कार्यालयबाट सुरु भएको र्‍यालीका सहभागीले जोमसोम बजार परिक्रमा गरे । र्‍यालीपछि आयोजित सभामा पूर्व सांसद श्रीमाया थकालीले शारीरिक, भौतिक र मानसिक योगले नै मानिसलाई सत्मार्गमा लाग्न उत्प्रेरणा दिने बताइन् । थकालीले भनिन्, 'भौतिक शरीर गाडी जस्तै हो, त्यसलाई हाक्ने चालक आत्मा हो । सही आत्माले सकारात्मक चिन्तन लिएर हिड्न सहयोग पुर्‍याउँछ ।'

मुस्ताङका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले सकारात्मक सोच र स्वस्थ रहन योग आवश्यक भएको बताए । जनार्दन आचार्यले आर्थिक, भौतिक, मानसिक र शरीरसँगकोसंयोजन नै योग भएको बताए । ब्रम्हकुमारी राजयोग प्रशिक्षण केन्द्रका कृष्णले बिभिन्न तनावले ग्रस्त समाजलाई व्यवस्थापन गर्न जरुरी रहेको उल्लेख गरे ।

यसका लागि योग अभ्यास आवश्यक भएको उनको भनाइ छ । कार्यक्रममा जोमसोम महिला समूह र पुथाङ आमा समूहका सदस्यले भजन नृत्य प्रस्तुत गरेका थिए । शिविरमा ब्रम्हा कुमार कृष्णले राजयोग र कमला लालचनले सहभागीलाई पतञ्जली योग अभ्यास गराएका थिए । कार्यक्रम पुथाङ आमा समूहकी बिमला शेरचनले सञ्चालन गरेकी थिइन् ।

# करणी आरोपित पक्राउ

**समाधान संवाददाता**
स्याङ्जा, ६ असार

जिल्ला प्रहरी कार्यालय स्याङ्जाले बालिका करणी गरेको आरोपमा ५१ वर्षीय रेमबहादुर रोकालाई भीरकोट १ बाट पक्राउ गरेको छ । सोही घटना मिलाइदिने भन्दै पीडित परिवारसँग बयरघारीमा छलफल गरिरहेको अवस्थामा अर्जुनचौपारी ६ का अध्यक्ष तेजबहादुर रोकालाई समेत प्रहरीले पक्राउ गरेको हो ।

रेमबहादुरले कक्षा ७ मा अध्ययनरत १३ वर्षीय बालिकालाई करणी गरेको आरोप लागेको छ । गत चैत ६ गते बालिका बिरामी भई घरमा एक्लै रहेको मौका पारी ललाइफकाई करणी गरेको भनी जेठ ३१ गते प्रहरीमा आफन्तले जाहेरी दिएको प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले बताए । नायब उपरीक्षक भण्डारीका अनुसार नुवाकोटमा काम गर्दै आएका आरोपित रेमबहादुर घटनापश्चात् फरार रहेकोमा पक्राउ गरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको भण्डारीले जानकारी दिए ।

वडा अध्यक्षलाई भने प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरी भोलिपल्टै छोडिदिएको भण्डारीले बताए ।

वडाध्यक्ष तेजबहादुर आरोपित रेमबहादुरका सौताने भाइ रहेको खुलेको छ । वडाध्यक्ष रोकाले आफूले आरोपितलाई प्रहरीमा बुझाउन ल्याएको बताए पनि पीडितलाई आर्थिक प्रलोभनमा पार्न छलफल गरेको स्थानीयको आरोप छ । प्रहरीमा उजुरी परेपछि बुझाउने नियत भएको भए बाटोमा पर्ने जिल्ला प्रहरी र वडा प्रहरी कार्यालयमा बुझाउनुपर्ने स्थानीयको तर्क छ ।

चैतको घटना वडाध्यक्षकै दबाबमा गुपचुप पार्न खोजिए पनि ३ महिना बित्नै लाग्दा प्रहरीमा जाहेरी परेको हो । पीडित बालिका घर बाहिर आफन्तको संरक्षणमा रहेको खुलेको छ भने आरोपितको परिवार घटनापश्चात घर छोडेर अन्यत्रै बसोबास गर्न थालेको बुझिएको छ ।

# अन्नपूर्णका योजना अनुगमन



**समाधान संवाददाता**
पोखरा, ६ असार

कास्कीको अन्नपूर्ण गाउँपालिकामा भए गरेका विभिन्न विकास योजना जिल्ला समन्वय समितिको टोलीले स्थलगत अनुगमन गरेको छ । टोलीले संघ, प्रदेश र स्थानीय सरकारबाट आर्थिक वर्ष २०७५।०७६ मा बजेट विनियोजन गरी निर्माणाधीन एवं बनिसकेका वडा नं. १ देखि ६ सम्मका दर्जनभन्दा बढी योजना अनुगमन गरेको हो ।

नाउँडाँडा, अधिकारीडाँडा हुँदै कार्कीतहरा सडक, नागडाँडा सेराचौर ग्रामीण सडक, शेराचौर एक घर एक धारा खानेपानी योजना, काँडे, भदौरे, सल्यान ग्रामीण सडक, विभिन्न वडा कार्यालय भवन, स्वास्थ्य चौकी र शीतल गुफासमेत टोलीले अवलोकन गरिएको छ । जिल्ला समन्वय समिति कास्की प्रमुख वैनबहादुर क्षेत्रीले स्थलगत अनुगमनपश्चात उपभोक्ता समिति एवं जनप्रतिनिधिसँग विकास निर्माणका बारेमा जानकारी लिएर तोकिएको समय र गुणस्तरमा सम्झौता नगर्न आग्रह गरे ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले पालिकाका सबै जडामा विकास निर्माणको काम भइरहेको उल्लेख गर्दै विनियोजित रकमको ७० प्रतिशतभन्दा बढी खर्च भइसकेको जानकारी दिए । समन्वय समिति सदस्य तोरण वानियाका अनुसार प्राविधिकसहितको टोलीले यसअघि जिल्लाका रुपा, मादी, र माछापुच्छ्रे गाउँपालिकाको स्थलगत अनुगमन गरिसकेको छ ।

# पोखरा १३ को सार्वजनिक सुनुवाइ

**समाधान संवाददाता**
पोखरा, ६ असार

पोखरा महानगरपालिका वडा नं १३ ले शुक्रवार वडाभित्र १ वर्षमा भए गरेका कामको प्रगतिबारे जानकारी गराउन र जनताको गुनासो सुन्न सार्वजनिक सुनुवाइ आयोजना गर्‍यो । कार्यक्रमका सहभागीले वडाभित्र शिक्षा, स्वास्थ्य, कृषि, सडक, खानेपानी लगायतका क्षेत्रमा भौतिक पूर्वाधार निर्माणमा जोड दिन आग्रह गरे । वडा नं १३ मा रहेको धार्मिक, ऐतिहासिक महत्व बोकेको पर्यटकीय क्षेत्र कमल पोखरी संरक्षण हुन नसकेको भन्दै स्थानीयले संरक्षणमा ध्यान दिन वडा कार्यालयको ध्यानाकर्षण गराए ।

आर्वामा बादर आतंकका कारण कृषिजन्य उत्पादनमा प्रत्यक्ष असर पुगेकाले बाँदर नियन्त्रणका लागि पहल गरिदिन किसानले आग्रह गरे । नहरलाई प्रदूषित हुनबाट जोगाउन फोहर मैलालाई जथाभावी फाल्न रोक लगाउनुपर्ने, स्वास्थ्यसम्बन्धी जनचेतना जगाउनुपर्ने, छाडा चौपाया तथा भुस्याहा कुकुर नियन्त्रण गर्नुपर्ने लगायतका सुझाव सहभागीले दिए ।

पोखरा १३ का वडाध्यक्ष दर्शन लामाले प्राकृतिक तथा ऐतिहासिक

**फोहर मैलालाई जथाभावी फाल्न रोक लगाउनुपर्ने, स्वास्थ्यसम्बन्धी जनचेतना जगाउनुपर्ने, छाडा चौपाया तथा भुस्याहा कुकुर नियन्त्रण गर्न माग**

सम्पदा संरक्षण, फोहर मैला व्यवस्थापन, विकास निर्माण लगायतका क्षेत्रमा सबैको सहयोगले मात्र नमुना वडा निर्माणमा सहयोग पुग्ने बताए । कार्यक्रममा वडाभित्रका उत्कृष्ट १० किसानलाई पुरस्कृत गरिएको थियो । आर्वा विजयमा रहेको स्वास्थ्यचौकीलाई १ रोपनी जग्गा निशुल्क दान गरेकोमा खम्बासिंह गुरुङ र कमला गुरुङलाई सम्मान गरियो । पुरस्कृत हुने किसानमा पूर्णकुमारी गुरुङ, ध्रुव बराल, बुद्धिबहादुर विक, फुलमाया गुरुङ, गीता पहाडी, सीता ढुंगाना सिग्देल, भोजराज बराल, षडानन्द बराल र बद्रि देवकोटा छन् । उनीहरुलाई जनही नगद १० हजार प्रदान गरिएको छ ।

कार्यक्रममा वडा सदस्य कृष्णकुमारी गुरुङले वडाभित्र १ वर्षमा कृषिको क्षेत्रमा विनियोजन गरिएको गरिएको २६ लाख ५० हजारको कार्यप्रगति विवरण प्रस्तुत गरिन् । मौरीपालन, टनेल वितरण, भकारो सुधार, सूर्यमुखी फूल खेती, बाँझो जग्गमा जापानीज कटुस, विउ विजन वितरण, अभिमुखीकरण तालिम जस्ता कार्य वडा कार्यालयले गरेको बताइन् ।

वडाभित्र गठित कृषि सञ्जाल अध्यक्ष टेकनाथ बरालले स्वागत गरेको कार्यक्रममा सामुदायिक विद्यालयको तर्फबाट घनश्याम रिजाल, संघीय समाजवादी पार्टीका नौबहादुर गुरुङ र वडा सचिव अञ्जु गुरुङले बोलेका थिए ।

## स्वीकृति नलिई...

बोर्डका अनुसार उक्त निर्देशन आगामी साउन १ गतदेखि लागू हुनेछ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापसम्बन्धी प्रचलित कानुनको कार्यान्वयन र सो सम्बन्धी कसूरको अनुसन्धानमा कानून कार्यान्वयन गर्ने निकायलाई आवश्यक सहयोग गर्नुपर्ने निर्देशनमा उल्लेख छ ।

सूचक संस्थाले खास कारोबारको सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नुपर्ने, ग्राहकको पहिचानका सम्बन्धमा पेस गरिएका विवरण तथा पेश गरिएका कागजात रुजु गर्नुपर्ने जिम्मेवारीसहित कुनै कर्मचारीलाई तोकी त्यस्ता विवरण तथा कागजातको आधिकारिकता तन्दुरुस्त राख्नुपर्ने छ । जोखिममा आधारित आन्तरिक नीति, कार्यविधि तथा कार्य, ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने तरिका, उच्च पदस्थ व्यक्तिको पहिचान, अवलम्बन गर्नुपर्ने उपाय, वास्तविक धनी पहिचान गर्नेलगायत विषयमा स्पष्ट व्यवस्था गरिएको बोर्डले जनाएको छ । उक्त निर्देशनले धितोपत्र बजारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा निर्दिष्ट गरेका व्यवस्थालाई कार्यान्वयन गर्नसमेत सहजीकरण गर्ने बोर्डको विश्वास छ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण**

पोखरा महानगरपालिका वडा नं. ५, मालेपाटन स्थित बाराही मा.वि. कम्पाउण्ड वाल तथा फुटट्र्याक निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः बाराही मा.वि. कम्पाउण्ड वाल तथा फुटट्र्याक निर्माण**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ७,८०,००२।४१ |
| योजना सम्झौता मिति | : २०७५/१२/२७ |
| योजना सुरु हुने मिति | : २०७५/१२/२८ |
| योजना सम्पन्न हुने मिति | : २०७६/०२/२५ |
| योजना सम्पन्न मिति | : २०७६/०२/२५ |
| महानगरपालिकाबाट प्राप्त रकम | : रु. ४,४६,०००/- |
| उपभोक्ता (जनसहभागिता)बाट | : रु. २,३४,००२/४१ |

**विष्णुप्रसाद बराल**
अध्यक्ष
**बाराही मा.वि. कम्पाउण्ड वाल तथा फुटट्र्याक निर्माण उपभोक्ता समिति**
पोखरा-५, मालेपाटन

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण**

पोखरा महानगरपालिका वडा नं. ५, मालेपाटन स्थित बाराही मा.वि. खेल मैदान निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः बाराही मा.वि. खेल मैदान निर्माण**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ११,५०,०००।- |
| योजना सम्झौता मिति | : २०७५/१२/२० |
| योजना सुरु हुने मिति | : २०७५/१२/२१ |
| योजना सम्पन्न हुने मिति | : २०७६/०३/३० |
| योजना सम्पन्न मिति | : २०७६/०३/०६ |
| जिल्ला खेलकूद वि. समितिबाट प्राप्त रकमः | रु. १०,००,०००/- |
| उपभोक्ता (जनसहभागिता)बाट | : रु. १,५०,०००/०० |

**ज्ञानु गौतम**
अध्यक्ष
**बाराही मा.वि. खेल मैदान निर्माण समिति**
पोखरा-५, मालेपाटन

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण**

पोखरा महानगरपालिका वडा नं. १२, बुद्धदेव मिनीमार्ग स्थित बुद्धदेव टोलमा खानेपानी पाइप विस्तार निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः बुद्धदेव मिनीमार्ग स्थित बुद्धदेव टोलमा खानेपानी पाइप विस्तार**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ३,५१,४९०।९० |
| महानगरपालिकाबाट प्राप्त रकम | : रु. १,७५,४९२।- |
| उपभोक्ता (जनसहभागिता)बाट | : रु. १,७६,०००।- |
| योजना सम्झौता मिति | : २०७६/०२/०९ |
| योजना सुरु हुने मिति | : २०७६/०२/१० |
| योजना सम्पन्न हुने मिति | : २०७६/०३/१० |
| योजना सम्पन्न मिति | : २०७६/०३/०६ |

**अध्यक्षः** सु. तुलसीप्रसाद गुरुङ, **उपाध्यक्षः** सोमराज घिमिरे, **सचिवः** चन्द्रवती ओझा, **कोषाध्यक्षः** नन्दजंग गुरुङ, **सदस्यहरुः** कमलकृष्ण ओझा, प्रकाश ओझा, इन्द्रप्रसाद पराजुली,
अनुगमन समितिः सूर्यकुमारी गुरुङ, घना गुरुङ
**बुद्धदेव मिनीमार्ग टोल विकास संस्था**
पोखरा-१२, बुद्धदेवटोल

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण**

पोखरा महानगरपालिका वडा नं. १६, लामाचौर स्थित सुरक्षा पर्खाल निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः सुरक्षा पर्खाल निर्माण**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ५,२२,७८३।९९ |
| योजना सम्झौता मिति | : २०७५/१२/१६ |
| योजना सुरु हुने मिति | : २०७६/०१/१४ |
| योजना सम्पन्न मिति | : २०७६/०२/३० |
| महानगरपालिकाबाट प्राप्त रकम | : रु. ५,२२,७८३।९९ |

अध्यक्षः मदनबहादुर खत्री क्षेत्री
सचिवः नेत्रबहादुर बानिया
कोषाध्यक्षः मिलन के.सी.
**सुरथेश्वर व्यवस्थापन समिति**
पोखरा-१६, लामाचौर




# समाधान आर्थिक









नेपाल स्टक एक्चेन्ज (नेप्से) ले शुक्रबार पत्रकारका लागि आयोजना गरेको तालिम समापनका क्रममा भनाइ राख्दै नेप्सेका सिइओ चन्द्रसिंह सावद । तालिममा पोखराका ४० भन्दा बढी पत्रकार सहभागी थिए । तस्बिर : समाधान

# युरोप जाने तयारीमा निगम

**राष्ट्रिय समाचार समिति**
काठमाडौं, ६ असार

युरोपेली मुलुकसँग द्विपक्षीय हवाई सञ्जाल विस्तार गर्ने उद्देश्यका साथ नेपालले युरोपका विभिन्न गन्तव्यमा सिधा उडान भर्ने गरी आवश्यक प्रक्रिया अघि बढाएको छ । युरोपेली मुलुक फिनल्यान्डसँग प्रारम्भिक हवाई सेवा सम्झौताको तयारी भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ ।

फिनल्यान्ड आफैंले नेपालसँग हवाई सम्झौताका लागि चासो देखाएको छ । त्यहाँको राष्ट्रिय ध्वजावाहक तथा सबैभन्दा ठूलो वायुसेवा प्रदायक कम्पनी फिनिस एयरले नेपालमा सीधा हवाई उडान गर्ने इच्छा व्यक्त गरेको छ । काठमाडौं- फिनल्यान्ड करिब साढे १० घण्टाको हवाई यात्रा तय गर्नुपर्ने हुन्छ । फिनल्यान्ड आफैंले नेपालसँग हवाई सेवा सम्झौताको प्रस्ताव राखेको पर्यटन मन्त्रालयका सहसचिव सुरेश आचार्यले जानकारी दिए । फिनल्यान्डका राजदूत स्वयंले फिनिस एयरका प्रतिनिधिलाई नेपाल बोलाएर व्यावसायिक उडानको प्रारम्भिक अध्ययन पनि गराइसकेका छन् ।

'फिनल्यान्ड उडानबारे फिनल्यान्डका राजदूतसँग हाम्रो कुराकानी भएको छ, राजदूतको भनाइमा फिनिस एयरले नेपाल उडानबारे अध्ययन गरिसकेको छ । फिनल्यान्ड, स्विडेन, डेनमार्क लगायतमा मुलुकबाट धेरै पर्यटकलाई नेपाल भित्र्याउन सहज हुने बताइन्छ । सकेसम्म आगामी जुलाई महिनाभित्रमा हवाई सम्झौता गर्ने मन्त्रालयको तयारी छ । उक्त प्रस्ताव बमोजिम मन्त्रालयले नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम लगायत निकायसँग राय, सुझाव लिएर हवाई सेवा सम्झौताको प्रस्ताव मन्त्रिपरिषद्मा लगिनेछ । मन्त्रिपरिषद्को अनुमति पाएपछि सम्बन्धित मुलुकसँग सम्झौताका लागि औपचारिक प्रक्रिया अगाडि बढाइने मन्त्रालयको योजना छ । अहिले नेपाल र युरोपलाई जोड्ने एकमात्र टर्किस एयरलाइन्स छ । टर्की युरोप र एसियाको सिमानामा पर्ने भएकाले युरोपका धेरै पर्यटकलाई आकर्षण गर्न नसकेको सहसचिव आचार्य बताउँछन् ।

युरोपबाट नेपाल आउने पर्यटक तथा नेपालीले टर्की या खाडी मुलुकका विमानस्थलसम्म 'ट्राञ्जिट फ्लाइट' गरेरमात्र नेपाल आउनुपर्ने बाध्यता छ । फिनल्यान्डसँग हवाई सेवा सम्झौता भएपछि युरोपबाट ट्रान्जिटबिना नै नेपाल आउन सकिनेछ । फिनिस एयरले अहिले भारतको नयाँ दिल्लीसम्म सिधा उडान गर्छ । नेपालमा पर्यटक तथा युरोप जाने नेपाली विद्यार्थीलाई लक्षित गर्दै उक्त कम्पनी नेपाल आउन चाहेको बताइएको छ ।

सरकारले अहिले रुससँग पनि हवाई सम्झौताको तयारी गरिरहेको छ । रुसले नेपाल उडानका लागि चासो देखाएको छ । रुसमा यसअघि पनि सम्झौता भएर उडान भए पनि बीचमा रोकिएको थियो । यस्तै पर्यटकीय सम्भावना बोकेको इन्डोनेसियासँग पनि नेपालले हवाई सम्झौताको प्रयास थालेको छ । प्रारम्भिक छलफल गरिए पनि इण्डोनेसियाली पक्षले थप प्रतिक्रिया दिएको छैन ।

**सरकारले ३ दर्जनभन्दा बढी मुलुकसँग हवाई सम्झौता गरेको भए पनि नेपाली हवाई सेवा प्रदायकले अन्तर्राष्ट्रिय गन्तव्यमा उडानका लागि स्वीकृति पाउन सकेको छैन**

नेपालका लागि आकर्षक मानिएको अस्ट्रेलियासँग पनि हवाई सम्पर्क विस्तारका लागि पहल थालिएको सहसचिव आचार्यले बताए । उनले भने, 'अस्ट्रेलियाका लागि हामीले प्रस्ताव पठाएका छौं, उताबाट थप जानकारी आएको छैन, इन्डोनेसियाको बाली आउने पर्यटकको केही हिस्सा नेपाल ल्याउनसके पर्यटनमा ठूलो योगदान मिल्ने सम्भावना छ, त्यसैले अस्ट्रेलियन एयरलाइन्स नेपाल आइदिए हुन्थ्यो भन्ने हाम्रो चाहना छ ।' विकास साझेदार मुलुक रसियासँगको पुरानो दौँतरी सम्बन्ध रहेकाले पनि यो मुलुकसँगको हवाई उडान प्रक्रियाले चाँडै पूर्णता पाउने विश्वास लिइएको छ ।

नेपालले ३९ वटा मुलुकसँग हवाई सम्झौता गरेको भए पनि सबै मुलुकले उडान भर्दैनन् । अहिले २६ वटा वायु सेवा प्रदायक कम्पनीले नेपालमा उडान भर्दै आएका छन् । सरकारले २०७५ मंसिर १४ गते पछिल्लो पटक कम्बोडियासँग हवाई सम्झौता गरेको थियो । नेपालसँग हवाई सम्झौता गरेको देशमध्ये कम्बोडिया ३९ औं देश हो । सम्झौतामा कम्बोडिया र नेपालका वायु सेवा कम्पनीले हप्तामा १४-१४ पटक सिधा उडान भर्नसक्ने उल्लेख छ । सम्झौताको छिट्टै पूर्ण कार्यान्वयनका लागि पहल भइरहेको मन्त्रालयले जनाएको छ । राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) लाई पनि कम्बोडियामा गन्तव्य विस्तार गर्ने बाटो खुले पनि निगमले पहल गरेको छैन । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि कम्बोडियाबाट लुम्बिनी आउन बौद्ध धर्मावलम्बी र पर्यटकलाई फाइदा पुग्नेछ । यसअघि २०७५ मंसिरमा थाइल्यान्ड र जापानसँग हवाई सम्झौताको नवीकरण गरिएको थियो । सरकारले ३ दर्जनभन्दा बढी मुलुकसँग हवाई सम्झौता गरेको भए पनि नेपाली हवाई सेवा प्रदायकले अन्तर्राष्ट्रिय गन्तव्यमा उडानका लागि स्वीकृति पाउन सकेको छैन । नेपालबाट अन्तर्राष्ट्रिय गन्तव्यमा उडान भर्ने नेपाल एयरलाइन्सले भारतका नयाँदिल्ली, मुम्बई र बैंगलोर तथा हङकङ, बैंकक, दोहा, दुबई र क्वालालम्पुरसहित ८ गन्तव्यमा उडान गर्दै आएको छ भने हिमालय एयरलाइन्सले अबुदायवी, दमाम, क्वालालम्पुर र दुबईभन्दा अन्य गन्तव्यमा उडान विस्तार गर्न सकेको छैन । बुद्ध एयरले भारतका केही गन्तव्यमा एटिआर जहाजमार्फत उडान गरिरहेको छ ।

## दलितलाई सुधारिएको चुलो

दमौली, ६ असार (समाधान) - तनहुँको रिसिङ गाउँपालिकाले वडा नं २ ग्वास्लुङका दलित परिवारलाई सुधारिएको चुलो वितरण गरेको छ । चालु आर्थिक वर्ष २०७५/७६ मा सशर्त अनुदानतर्फ विनियोजित बजेटबाट गाउँपालिकाले ग्वास्लुङका २० दलित घरधुरीलाई सुधारिएको चुलो वितरण गरेको हो । दलित बस्तीका सर्वसाधारणको स्वास्थ्यको ख्याल गर्दै सुधारिएको चुलो वितरण गरिएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिए । 'आर्थिक रुपमा विपन्न दलित परिवारलाई विशेष प्राथमिकतामा राखेर सुधारिएको चुलो वितरण गरेका हौं,' अध्यक्ष श्रेष्ठले भने, 'यसको प्रयोगले धूँवारहित बनाउन सहयोग पुग्नेछ ।'

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले दलित परिवारको घरलाई धूँवामुक्त गर्नुका साथै स्वास्थ्यमासुधार गर्नका लागि चुलो वितरण गरिएको बताए । ५ हजार पर्ने सुधारिएको चुल्हो अनुदानमा वितरण गरिएको हो । सुधारिएको चुलो प्रयोग गर्न कम दाउरा लाग्ने भएकाले सामुदायिक वनको संरक्षणमा सहयोग पुग्ने पौडेलले बताए । उनले भने, 'सुधारिएको चुलोले समय बचत, स्वास्थ्यमा सुधार र दैनिक जीवन सहज बनाउन सहयोग पुग्नुका साथै वन संरक्षणका लागि टेवा पुग्नेछ ।'

# बाटो बनाउँदै म्याग्देका बेरोजगार

**कृष्ण न्यौपाने**
दमौली, ६ असार

तनहुँको म्याग्दे गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम शुक्रबारदेखि सुरु भएको छ । नागरिकलाई न्यूनतम रोजगारीको अवसर सिर्जना गर्ने लक्ष्यसहित सुरु भएको कार्यक्रम उद्घाटन गर्दै म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले सरकारले सञ्चालन गरेको अभियान सकारात्मक रहेको बताइन् ।

बेरोजगार युवायुवतीलाई रोजगार दिने उद्देश्यसहित सुरु भएको कार्यक्रमले आफ्नै ठाउँमा बसेर काम गर्ने अवसर सिर्जना भएको रानाले बताइन् । उनले भनिन् 'घरमै बसेर देश विकासका लागि काम गर्ने अवसर सिर्जना भएको छ, यसको भरपूर सदुपयोग गर्नुपर्छ ।' कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरे, प्रमुख प्रशासकीय अधिकृत दयाराम तिवारी लगायतले राज्यको अभियान सकारात्मक रहेको बताए ।

रोजगार कार्यक्रममार्फत् म्याग्दे गाउँपालिका ७ का ९ जनालाई बाटो मर्मतमा खटाइएको रोजगार सेवा केन्द्र प्रमुख पविन्द्र शाहीले जानकारी दिए ।



जनजागृति मोटरमार्ग मर्मतका लागि खटिएकालाई आवश्यक सामग्री प्रदान गरिएको छ । शाहीले भने, 'घरआँगनमै रोजगार पाएपछि कार्यक्रममा सहभागी खुसी छन् ।'

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाका ७ वटै वडामा विभिन्न आयोजना छनोट गरिएको छ । छनोट गरिएका योजनामा बाटो मर्मत, पार्क निर्माण, पुनर्भरण, पोखरी मर्मत लगायत छन् । अन्य वडामा १ हप्ताभित्र रोजगार कार्यक्रम सुरु गरिने शाहीले जानकारी दिए । गाउँपालिकालाई चालु आर्थिक वर्षमा रोजगार कार्यक्रमका लागि १३ लाख बजेट प्राप्त भएको छ ।

जिल्लाको शुक्लागण्डकी नगरपालिका, देवघाट, बन्दीपुर, आँबुखैरेनी र रिसिङ गाउँपालिकामा यसअघि नै प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु भइसकेको छ । ती स्थानीय तहमा १ सय ५२ जनाले रोजगारी पाएका छन् । शुक्लागण्डकीमा २१, बन्दीपुरमा ४१, देवघाटमा ६१, आँबुखैरेनीमा १६ र रिसिङमा १३ जनाले रोजगार पाएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् जिल्लामा नाला निर्माण, सिढी निर्माण, सामुदायिक भवन निर्माण, बाटो मर्मत, ट्यांकी निर्माण लगायतका काममा बेरोजगार युवायुवतीलाई खटाइएको छ ।

# पर्यटन यातायात समिति भ्रमणमा

**समाधान संवाददाता**
पोखरा, ६ असार

पर्यटन यातायात समिति पोखराले पर्यटनसँग धार्मिक स्थल जोड्ने उद्देश्यका साथ धार्मिक स्थलको प्रवर्द्धनात्मक भ्रमण सुरु गरेको छ । अघिल्लो वर्षदेखि विभिन्न स्थलको प्रवर्द्धनात्मक भ्रमण लगायतका कार्यक्रम थालेको समितिले यस वर्ष प्युठानको प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारी, अर्घाखाँचीको सुपा देउराली, सिजी धाम लगायतका स्थलमा प्रवर्द्धनात्मक भ्रमण गर्न लागेको हो ।

धार्मिक एवं ऐतिहासिक स्थलले पर्यटकीय रुपमा अत्यन्त महत्व राख्ने भएकाले शुक्रबारदेखि ३ दिने प्रवर्द्धनात्मक भ्रमण गर्न लागिएको पर्यटन यातायात समिति, पोखराका अध्यक्ष बबरजंग गुरुङले जानकारी दिए । समितिको आयोजना एवं नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा हुन लागेको स्वर्गद्वारीको अवलोकन भ्रमणमा प्युठानी समाज, पोखराको समन्वय रहेको जानकारी दिदै उनले प्रवर्द्धनात्मक भ्रमणमा पर्यटन व्यवसायी, सञ्चारकर्मी लगायत २७ जनाको सहभागिता रहेको बताए ।

स्वर्गद्वारी नेपालका धार्मिक पीठमध्येको महत्वपूर्ण तीर्थस्थल हो । यहाँ नपुगेसम्म हिन्दुको तीर्थयात्रा नै पूरा हुँदैन भन्ने मान्यता पनि छ । ऐतिहासिक रुपमा पनि यसलाई प्राचीन धार्मिक स्थल एवं तपोभूमि मानिन्छ । परापूर्वक कालमा ऋषिमुनिले यसै ठाउँमा बसी जपतप गरेर स्वर्ग गएकाले यस स्थानको नाम स्वर्गद्वारी अर्थात स्वर्गको ढोका भएको भन्ने किंवदन्ती छ ।

अर्घाखाँची जिल्लामा रहेको प्रसिद्ध तीर्थस्थल सुपा देउराली हो । प्राकृतिक रमणीय स्थलमा रहेको यस मन्दिरमा दर्शन गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास रहिआएको छ । सिजी धाम पछिल्लो समयमा पअत्याधिक रुपमा पर्यटक पुग्ने गन्तव्य बनेको छ ।


भ्रमण टोलीलाई पोखरामा बिदाइ गर्दै नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रमुख मणि लामिछानेले धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थललाई प्रवर्द्धनका माध्यमबाट पर्यटन बजारमा ल्याउन सकिने भएकाले यस्ता प्रवर्द्धनात्मक कार्यक्रमले महत्व राख्ने बताए । बोर्डले पर्यटन सम्बद्ध संघ संस्थासँगको सहकार्यमा यस्ता कार्यलाई प्राथमिकताका साथ अघि बढाएको उनले बताए । पोखरा पर्यटन परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले यस्ता प्रबर्द्धनात्मक कार्यक्रमका माध्यमबाट पर्यटकीय स्थलले पर्यटन बजारमा स्थान पाउने धारणा राखे ।

# स्याङ्जामा वर्ल्ड लिंक

**समाधान संवाददाता**
पोखरा, ६ असार

नेपालमा फाइबरमार्फत छुट्टै छवि बनाएको वर्ल्डलिंक कम्युनिकेसन प्रालिले स्याङ्जाको सदरमुकाममा नयाँ सम्पर्क कार्यालय सञ्चालनमा ल्याएको छ । स्याङ्जा बजार आसपासका सेवाग्राहीको मागलाई मध्यनजर गर्दै गुणस्तरीय सेवा दिने उद्देश्यसहित पुतली बजार नगरपालिका १ मा सम्पर्क कार्यालय खोलिएको हो । पुतलीबजार नगरपालिकाका मेयर सीमा क्षेत्रीले शुक्रबार सम्पर्क कार्यालय सुरुआत गरिन् । मेयर क्षेत्रीले तीव्र गतिको इन्टरनेटका लागि कार्यालय खोलिनु सकारात्मक भएको बताइन् । उनले इन्टरनेको माध्यमबाट विदेश रहेका आफन्तसँग कुरा गर्न मिल्ने र सबै जसो काम गर्न मिल्ने सेवा दिन आग्रह गरिन् ।

'सम्पर्क कार्यालय स्थापना गर्नु आफैंमा राम्रो काम हो,' उनले भने, 'अझ त्योभन्दा राम्रो काम सेवाग्राहीलाई उचित सेवा, सुविधा दिनु हो र निरन्तर फलो गर्नु हो ।' प्रालिले नगरपालिका भित्रका मुख्य स्थानमा निशुल्क वाइफाइ प्रदान गर्ने निर्णय गरेकोमा स्वागत गर्दै उनले



आगामी दिनमा स्याङ्जाका मुख्य गन्तव्य भालुपहाड र ट्रान्जिट पोइन्ट नौडाँडामा समेत फ्रि वाइफाइ सुविधा प्रदान गर्न अनुरोध गरिन् ।

प्रालिका पोखरा शाखा प्रमुख युसफ श्रेष्ठले स्थलगत अवलोकन र आम नागरिकको चाहनाअनुसार सेवा विस्तार गर्न सम्पर्क कार्यालय सञ्चालनमा ल्याएको बताए । उनले गण्डकी प्रदेशमै वर्ल्डलिंकको अप्टिकल फाइबरसहितको नेट विस्तार गर्ने लक्ष्यसहित काम गरिरहेको उल्लेख गरे । प्रालिले बिभिन्न प्याकेजमा सेवा प्रदान गर्दै आएको छ ।

ननले पुतलीबजार नगरपालिकासँग ३ वर्षका लागि ५ मुख्य स्थानमा फ्रि वाइफाइका लागि सम्झौता भएको उल्लेख गरे । '१ व्यक्तिले दिनमा डेढ घण्टा नेट चलाउन पाउनेछ', उनले भने, 'विशेषगरी अस्पताल तथा नागरिकको बढी आवागमन हुने स्थान, सरकारी कार्यालयका क्षेत्र तथा पर्यटकीय स्थान लक्षित गरी फ्रि वाइफाइ प्रदान गर्दै आएका छौं ।'

उनले तत्कालका लागि सहिद चोक, बाडखोला चोक, जिल्ला अस्पताल क्षेत्र, प्रगति नगर र जिल्ला ट्राफिक कार्यालय चोकमा गरी ५ स्थानमा फ्रि वाइफाइ सेवा रहेको जानकारी दिए । नयाँ जडान गर्दा १ वर्षका लागि नेटटिभीसहितको ओपनिङ प्याकेजलाई १२ हजार ३ सय रुपैयाँ निर्धारण गरिएको छ । नेटटिभीमा ८० भन्दा बढी एचडी च्यानल छन् । पोखरा शाखा अन्तर्गत २० हजारभन्दा बढी ग्राहक रहको वर्ल्डलिंक पोखरा शाखाले यस अघि कास्कीको भण्डारढिक, पोखराको बगर, अमरसिंहचोक, राष्ट्रबैंक चोक, स्याङ्जाको वालिङ, तनहुँको दमौली, पर्वतको कुस्मा लगायतका स्थानमा सम्पर्क कार्यालय खोलिसकेको छ ।


त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
पश्चिमाञ्चल क्याम्पस
PASHCHIMANCHAL CAMPUS

**त्रि.वि. इ.अ.सं., पश्चिमाञ्चल क्याम्पस, लामाचौर पोखराको शिलबन्दी (दरभाउ) बोलपत्र आब्हान गरिएको सूचना !**

मिति: २०७६/०३/०७ गते

इ.अ.सं.पश्चिमाञ्चल क्याम्पसमा नवनिर्मित RIC भवनदेखि पावर हाउस सम्मको दुरीमा (करीब ४०० मि) "3 Phase Eletric Wire तारसहित बिछ्याउने" काम गर्नु पर्ने भएको हुँदा, "3 Phase Eletric Wire सप्लाई तथा तार बिछ्याउने कार्य गर्न सक्ने (काम गर्न चाहने) जो कोही सम्बन्धित व्यवसायी, संघ संस्था तथा कम्पनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दर्तावाल फर्म, कम्पनी, व्यावसायी संस्थाहरुबाट सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र दिन भित्र) (२०७६/०३/२२) यस क्याम्पसबाट उपलब्ध गराईने फारम रु.१०००।- (एक हजार) तिरी (फिर्ता नहुने) तोकिएको ढाँचामा भरी कार्यालय समय भित्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । अन्य जानकारीका लागि फोन नं. ०६१-४४०४५७ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ । शिलबन्दी (कोटेशन) बोलपत्र अन्तिम दिनको भोलिपल्ट दिनको २ बजे खोलिने छ । उक्त दिन विदा परेमा सो दिनको भोलिपल्ट खोलिनेछ ।

तपशील

१. Bid Bond (बैना रकम) बापत रु. १८,०००।- (अठार हजार) NIC Asia Bank को **खाता नं.** १६४१६१५५५७३५२४०३ मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।
२. नगद रु. १०।- (दश) टिकट बापत संलग्न गर्नु पर्नेछ ।
३. आयकर दर्ता तथा नवीकरण प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
४. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
५. उद्योग दर्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
६. कबुल रकम **भ्याट बाहेक**को उल्लेख हुनुपर्नेछ ।
७. अन्य आवश्यक प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

*पुनश्चः रिक्त नपुगी आएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार क्याम्पसलाई हुनेछ ।*

**क्याम्पस प्रमुख**

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



# ग्लोबल टिट्वान्टीमा नेपालका २ क्रिकेटर

## सन्दीपलाई ६० र सोमपाललाई ३ हजार डलर

**समाधान संवाददाता**
काठमाडौं, ६ असार

ग्लोबल टिट्वान्टी क्यानडा क्रिकेटको दोस्रो संस्करणमा २ जना नेपाली खेलाडीले सहभागिता जनाउने भएका छन् ।

विश्वका थुप्रै फ्रेन्चाइज क्रिकेट प्रतियोगिता खेलिसकेका चर्चित लेगस्पिनर सन्दीप लामिछानेसँगै अर्का नेपाली खेलाडी सोमपाल कामीले पनि उक्त प्रतियोगितामा भाग लिनेछन् । प्रतियोगिता आगामी जुलाई २५ देखि अगस्त ११ तारिखसम्म चल्नेछ ।

सन्दीपले उक्त प्रतियोगिताको पहिलो संस्करणमा पनि सहभागिता जनाएका थिए । यसपटक सन्दीपले टोरन्टो नेसनल्सबाट खेल्नेछन् । टोरन्टो नेसनल्सले १८ वर्षीय सन्दीपलाई ६० हजार अमेरिकी डलर (६६ लाख ५० हजारभन्दा बढी नेपाली रुपैयाँ) मा आबद्ध गरेको हो ।

सन्दीपले अघिल्लो वर्ष मोन्ट्रियल टाइगर्सबाट खेलेका थिए । त्यतिबेला मोन्ट्रियल टाइगर्सले सन्दीपलाई ४० हजार अमेरिकी डलरमा आबद्ध गरेको थियो । सन्दीपले इन्डियन प्रिमियर लिग, क्यारेबियन प्रिमियर लिग, अफगानिस्तान प्रिमियर लिग, अस्ट्रेलियन बिग बास लिग, बंगलादेश प्रिमियर लिग, पाकिस्तान सुपर लिगलगायतका फ्रेन्चाइज क्रिकेट प्रतियोगिता खेलिसकेका छन् ।

आफूसँगै सोमपालले पनि ग्लोबल टिट्वान्टी खेल्ने अवसर पाएकोमा निकै खुसी लागेको बताए । 'मसँगै अरु नेपाली खेलाडीले पनि



अवसर पाउनु पर्छ भन्ने मेरो चाहना थियो, मेरो त्यो चाहना पूरा भएको छ । आगामी दिनमा अझ धेरै नेपाली खेलाडीले यस्तो अवसर पाउनु पर्छ,' सन्दीप भन्छन् ।

यसैगरी सोमपालले विनिपेग हक्स क्लबबाट खेल्नेछन् । उक्त क्लबले सोमपाललाई ३ हजार अमेरिकी डलर (३ लाख ३३ हजार नेपाली रुपैयाँ) मा आबद्ध गरेको हो । नेपाली राष्ट्रिय टोलीका अलराउन्डर सोमपालले कुनै पनि विदेशी फ्रेन्चाइज क्रिकेट प्रतियोगिता खेल्न लागेको यो पहिलो पटक हो । २३ वर्षीय सोमपाल दायाँहाते मध्यमतेज गतिका बलर हुन् ।

सन्दीपको टोली टोरन्टो नेसनल्सबाट न्युजिल्यान्डका ट्रेन्ट बल्ट र ब्रेन्डन म्याककलम, वेस्ट इन्डिजका काइरन पोलार्ड, भारतका युवराज सिंहजस्ता चर्चित खेलाडीले पनि खेल्दैछन् । सोमपालको टोली विनिपेग हक्समा पनि पाकिस्तानका उमर अकमल, वेस्ट इन्डिजका ड्वेन ब्राभो र ड्वेन स्मिथ, दक्षिण अफ्रिकाका जेपी डुमनी, अस्ट्रेलियाका क्रिस लिनजस्ता चर्चित खेलाडी सहभागी छन् ।

सोमपालले ग्लोबल टिट्वान्टी खेल्ने अवसर पाउँदा निकै खुसी लागेको बताए । उनले प्रतियोगिताका क्रममा आफू अन्तिम ११ टोलीमा पर्ने विश्वास पनि व्यक्त गरे । 'मैले अन्तर्राष्ट्रिय लिग खेल्ने अवसर पाउँदा सबै खुसी हुनुहुन्छ । मेरो लागि पनि यो निकै ठूलो उपलब्धि हो । मलाई विश्वास छ कुनै दिन आइपिएल खेल्ने अवसर पनि पाउने छु,' सोमपाल भन्छन् ।

सन्दीपले आफ्नो न्यूनतम मूल्य ६० हजार र सोमपालले ३ हजार अमेरिकी डलर तोकेका थिए । प्रतियोगितामा सहभागी हुन १२ जना खेलाडीले आफ्नो नाम दर्ता गराएका थिए । अन्य १० खेलाडीले भने कुनै पनि क्लबमा आबद्ध हुने अवसर पाएनन् । प्रतियोगितामा ६ वटा टोली सहभागी छन् । प्रतियोगितामा सहभागी हुन ४० देशका १ हजारभन्दा बढी खेलाडीले आवेदन दर्ता गराएका थिए ।

ग्लोबल टिट्वान्टी जुलाई २५ तारिखमा सुरु हुने भए पनि सन्दीप र सोमपाल भने केही समयपछि मात्र क्यानडा पुग्नेछन् । सन्दीप र सोमपाल नेपाली राष्ट्रिय टोलीका सदस्य हुन् । नेपालले आगामी जुलाई २८ तारिखसम्म आइसिसि टिट्वान्टी विश्वकपको एसियाली क्षेत्रको अन्तिम चरणको प्रतियोगिता खेल्ने भएकाले सन्दीप र सोमपाल पनि केही समय त्यसमा व्यस्त हुनेछन् ।



काकाकुल नियति : भारतको चेन्नाइ सहर बाहिरको सुख्खा हुन बाँकी अन्तिम पोखरीबाट पानी निकाल्दै भारतीय कामदार । भारतको तामिलनाडुका बासिन्दाले अहिले मुस्किलले आवश्यकताको एक तिहाइ पानी पाएका छन् । *तस्बिर : एएफपी*

# बजेटले खेलाडीलाई प्रोत्साहन गर्छ : मन्त्री सुनार

**राष्ट्रिय समाचार समिति**
काठमाडौं, ६ असार

युवा तथा खेलकूदमन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलमा खेलाडीलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम ल्याएको दाबी गरेका छन् । विनियोजन विधेयक, २०७६ अन्तर्गत युवा तथा खेलकूद मन्त्रालयको विषयमा उठेका प्रश्नको प्रतिनिधिसभाको शुक्रबारको बैठकमा जवाफ दिँदै उनले खेलाडीलाई प्रोत्साहन गर्न स्वास्थ्य उपचार, दुर्घटना बीमाजस्ता कार्यक्रम बजेटमा रहेको जनाए ।

'प्रशिक्षक र खेलाडीलाई प्रोत्साहन गर्न जरुरी छ । खेल क्षेत्रको विद्यमान लगानी हेर्दा उल्लेखनीय उपलब्धि नेपालले हासिल गरेको छ । आगामी आवमा स्वास्थ्य उपचार, आकस्मिक दुर्घटना, भत्ताजस्ता व्यवस्था गरिएको छ, खेल क्षेत्रमा नेपालको वातावरणीय हिसाबले पनि राम्रो सम्भावना रहेको छ,' मन्त्री सुनारले भने, 'नेपालमा सम्भावना रहेको अन्य खेलको विकासमा समेत लगानी हुनेछ ।'

आगामी आवमा विनियोजित बजेट मितव्यती पारदर्शी ढंगले अगाडि बढाउने विश्वास व्यक्त गर्दै मन्त्री सुनारले खेल पर्यटन, साहसिक खेलको माध्यमबाट आर्थिक लक्ष्य हासिल गरी स्वास्थ्य र मनोरञ्जनसम्बन्धी खेललाई राज्यले संरक्षण गर्ने सरकारको नीति ल्याएको जानकारी दिए । काठमाडौं र पोखरामा अन्तर्राष्ट्रिय खेलकुद गर्न सकिने गरी पूर्वाधार तय गर्ने र दशरथ रंगशाला पुन संरचना र विभिन्न स्थानमा ९ वटा अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माणाधीन रहेको जानकारी दिए ।

१ स्थानीय तह १ खेल रंगशाला सुरु गर्नका लागि ४० करोड बजेट छुट्याएका सबै स्थानीय तहमा र सातै प्रदेशमा रंगशाला निर्माणका लागि पूर्वाधार तयार गरिरहेको उनको भनाइ छ । मन्त्री सुनारले आठौं राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालन गर्नका लागि पूर्वाधार निर्माण भइरहेको र सबै प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माणका लागि बजेट छुट्याएको जानकारी दिए ।

खेलकुदको विकासका लागि अध्ययन, अनुसन्धान र विकासका लागि खेलकुद विश्वविद्यालयको अवधारणा तयारीमा लगिने उल्लेख गर्दै मन्त्री सुनारले भने, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा खेलाडी नीति र नियमानुसार छनोट गरिनेछ, खेलाडी छनोट गर्दा कसैको पनि नातावाद र कृपावाद काम लाग्दैनन् ।'

अन्तर्राष्ट्रिय खेल क्षेत्रको जस्तै गरी देशको सुरक्षित रंगशाला र कबर्ड हलहरु निर्माण सरकारले आवश्यक बजेट विनियोजन गरेको मन्त्री सुनारले सुनाए । सांसदहरु डिला संग्रौला, प्रेम सुवाल, सत्यनारायण शर्मा खनाल लगायतले विश्वका युवाको खेलकुदप्रति आकर्षण भइरहेको अवस्थामा अन्तर्राष्ट्रिय स्तरको खेलाडी बनाउन युवालाई खेलप्रति प्रोत्साहन गर्न सुझाव दिए ।

# महोत्सवका लागि ३१ कविता छनोट

काठमाडौँ, ६ असार (रासस) - नेपाल प्रज्ञा-प्रतिष्ठानको ६२औं वार्षिकोत्सवको अवसरमा असार ९ गते हुन लागेको राष्ट्रिय कविता महोत्सवका लागि ३१ वटा कविता छनोट भएका छन् । प्रतिष्ठानमा प्राप्त ३ सय ४० कवितामध्ये उनीहरुको संकेतका आधारमा प्रतिष्ठानमा पठाएपछि छनोट गरिएको प्रतिष्ठानका काव्य विभागका प्रमुख प्राडा हेमनाथ पौडेलले बताए । 'समसामयिक विषय र जल्दोबल्दो समस्याका कवितालाई प्रमुख प्राथमिकता दिइएको छ', उनले भने ।

महोत्सवका लागि अश्विन समीपको 'समावेशी माला', उषा आचार्यको 'नयाँ युग डाकिरहेछु', कल्पना काफ्लेको 'चाहन्नँ आमा हुन', छविलाल आचार्यको 'माटोको उद्घोष', तीर्थराज जोशीको 'यही नेपाल खोज्दै छु', त्रिभुवनचन्द्र वाग्लेको 'डल्लेकी आमा अब त असार लाग्यो', तीर्थराज भट्टको 'प्रश्नै प्रश्न', रञ्जु दाहालको 'आमाको अनुहार' र प्रकाश सिलवालको 'गृहकार्य' लगायतका कविता छनोट भएका छन् । गोष्ठीमा १ जनालाई प्रथम, १ जना द्वितीय र ३ जनलाई तृतीय गरी ५ जनालाई उनीहरुले पाएको पहिलेको प्राप्तांक र वाचनपछि पाएको प्राप्तांकका आधारमा छनोट गरिनेछ । महोत्सवमा प्रथम हुनेलाई ३० हजार, द्वितीय हुनेलाई २५ हजार र तृतीय हुनेलाई २० हजार प्रदान गरिनेछ ।

# पोखरामा स्क्वास प्रतियोगिता

## प्रवीणविरुद्ध भागवत र हिराकाजीविरुद्ध प्रकाश भिड्ने

**समाधान संवाददाता**
पोखरा, ६ असार

विश्व ओलम्पिक दिवस २०१९ को अवसरमा पोखरा रंगशालास्थित स्क्वास हलमा बिहीबार देखि सुरु भएको ओलम्पिक डे स्क्वास च्याम्पियनसीप प्रतियोगिता अन्तर्गतका क्वाटर फाइनल खेल भएका छन् । स्क्वास र्‍याकेट एसोसियसन पोखराको आयोजनामा प्रतियोगिता भइरहेको छ ।

शुक्रबार सम्पन्न खेलबाट प्रवीण पालिखे, भागवत नेपाल, हिराकाजी महर्जन र प्रकाश केसी सेमीफाइनल प्रवेश गरे । पहिलो क्वाटर फाइनल खेलमा हिराकाजी महर्जनले विकास शाक्यलाई पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेका हुन् । हिराकाजी ३-० को सोझो सेटमा विजय भए ।

दोस्रो क्वाटर फाइलन खेलमा प्रवीण पालिखेले रक्ष लामालाई सजिलै पराजित गरे । उनले पनि ३-० कै सोझो सेटमा विजय हासिल गरे । तेस्रो क्वाटर फाइनल खेल प्रतिद्वन्द्वी अनुपस्थित भएका कारण भावगत नेपालले वाक ओभर पाएर सोझै सेमिफाइनल गरे ।

चौंथो प्रतिस्पर्धात्मक क्वाटर फाइनलमा दीपक तिमिल्सिनालाई ३-१ सेटमा पराजित गर्दै प्रकाश केसी सेमिफाइनल प्रवेश गरे । केसीले




पहिलो सेट गुमाएका थिए भने त्यसपछिका ३ सेट लगातार जितेका थिए ।

यस अघि क्वाटर फाइनलमा प्रवेश गर्न केसी पाँचौ सेटसम्म प्रतीक्षा गर्नु परेको थियो । प्रि क्वाटर फाइनलमा दीपक गोदारसँग भिडेका केसीले सुरुका २ सेट गुमाएका थिए । सुरुका २ सेट जित्दा पनि गोदारले लगातार ३ सेट गुमाएपछि प्रतियोगिताबाट बाहिरिए ।

स्क्वास सेमिफाइनल खेल अन्तर्गत शनिबार बिहान प्रवीण पालिखे र भागवत नेपालबीच पहिलो खेल हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा हिराकाजी महर्जन र प्रकाश केसी भिड्ने छन् । यी २ खेल विजेताबीच शनिबार नै उपाधिका लागि अन्तिम प्रतिस्पर्धा हुनेछ ।

# अन्तर्राष्ट्रिय योग दिवस मनाइयो



**समाधान संवाददाता**
पोखरा, ६ असार

पोखरामा अन्तर्राष्ट्रिय योग दिवस मनाइएको छ । शान्ति सहिष्णुताको लागि योग भन्ने नाराका साथ शुक्रबार विविध कार्यक्रम गरी पाँचौ अन्तर्राष्ट्रिय योग दिवस मनाइएको हो । गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालयले पोखरा ६ को कोमागाने पार्कमा आयोजना गरेको कार्यक्रममा डा. योगी विकासानन्दले विभिन्न योग अभ्यास गराएका थिए । योग गुरु विकासानन्दले योग दिवसमा विश्वका करोडौं मानिसले योग अध्यास गरेको बताए ।

सामाजिक विकास मन्त्रालयका वरिष्ठ कविराज तथा कार्यक्रम संयोजक नवीनकिरण भुसालले योगसम्बन्धी सचेतना जगाउँदै स्वस्थ समाज निर्माण गर्ने हेतुले योग दिवस मनाएको जानकारी दिए । उनले नियमित योग अभ्यास र त्यसका नियम पालन गरेमा विभिन्न रोगबाट बच्नुका साथै उपचार खर्च जोगिने उल्लेख गरे ।

स्वास्थ्य निर्देशनालय गण्डकीका वरिष्ठ कविराज निरीक्षक गोविन्द ढकालले मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने कथनलाई मनन गरी योग र आयुर्वेद चिकित्सा पद्धतिले निर्देशित गरेका जीवनशैली अपनाउने गरेमा नसर्ने रोगको न्यूनीकरण गर्न सकिने दाबी गरे ।

योग प्रशिक्षणमा द आर्ट अफ लिभिङ नेपाल, पतञ्जली योग समिति, पातञ्जल योग समिति, ब्रह्मकुमारी ईश्वरीय विश्व विद्यालयलगायतका योसम्बन्धी संघ संस्था सहभागी थिए । सामाजिक विकास मन्त्री नरदेवी पुनको विशेष पहलमा योग तथा आयुर्वेदका कार्यक्रम प्रदेशका जिल्ला तहमा सञ्चालन भएको वरिष्ठ कविराज भुषालले बताए ।




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com